# कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली पाठ्यपुस्तक (२०६०) को तुलनात्मक अध्ययन

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग**
**स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ को**
**प्रयोजनार्थ प्रस्तुत**

## शोधपत्र


**शोधकर्ता**

राधा भट्टराई

**क्याम्पस रोल नं.: ५७१ (२०६०-०६२)**

**दोस्रो वर्ष परीक्षा सि.नं. : २८१२९९**

**त्रि.वि. दर्ता नं. १९४७-९०**

**नेपाली भाषा शिक्षा विभाग**

**त्रि.वि., कीर्तिपुर**

२०६४

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ. | - | अभ्यास |
| ई.सं. | - | ईश्वी संवत् |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| डा. | - | डाक्टर |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| नेवृश. | - | नेपाली वृहत् शब्दकोश |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.वि.के. | - | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | - | प्राध्यापक |
| पृ.नं. | - | पृष्ठ नम्बर |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| मा.शि.पा. | - | माध्यमिक शिक्षा पाठ्यक्रम |
| वि.सं. | - | विक्रम संवत् |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरु डा. पारसमणि भण्डारीका कुशल निर्देशनमा तयार पारेकी हु । शोधशीर्षक चयनदेखि शोधपत्र तयार पार्दासम्म निकै सताउदा पनि हरदम सल्लाह र सहयाग प्रदान गर्नु भएकोमा शोधनिर्देशक डा. भण्डारीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी यस शोधपत्रको प्रस्तावलाई विभागीय स्वीकृत प्रदान गरी शोध कार्य गर्ने सु-अबसर प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु श्री भोजराज ढुङ्गेलप्रति कृतज्ञ छु । शीर्षक चयन कै क्रममा आवश्यक सुझाव र सल दिने शोधकार्यलाई अपूर्णता दिने क्रममा सहयोग गर्नुहुने गुरुद्वय प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा.डा. केदारप्रसाद शर्मा ज्यूप्रति आभार प्रकट गर्दछु । शोधकार्यलाई पूर्णता दिने क्रममा सहयोग गर्नुहुने गुरु प्रा.डा. रामचन्द्र लम्सालज्यूको सहयोग पनि अविस्मरणीय छ ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सहयोग र प्रेरणा प्रदान गर्नुहुने पिता डा. पिताम्बर र ममतामयी माता विष्णुदेवी भट्टराईप्रति सधै ऋणी रहने छु । साथै यसै क्रममा प्रेरणा प्रदान गरी सहयोग पुऱ्याउनु हुने श्रीमान नवराज पाण्डेलाई स्मरण गर्दछु । अध्ययन कै क्रममा सहयोग पुऱ्याउने शेषकान्त पाण्डेय, नवीन थापा ( नरबहादुर थापा), कृष्ण ज्ञवाली, गीता श्रेष्ठलगायतका साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसैक्रममा आवश्यक सहयोग जुटाइदिने मेरा सम्पूर्ण शुभ चिन्तक तथा संघ-संस्थाप्रति आभारी छु । यस शोधपत्रलाई छिटो र छरितो एवम् शुद्धरूपमा टङ्कण गरी सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जन र विवेक महर्जनलाई पनि धन्यवाद दिन चाहन्छु ।

**शोधार्थी**

**राधा भट्टराई**

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागका छात्रा राधा भट्टराईले कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली पाठ्यपुस्तक ( २०६०) को तुलनात्मक अध्ययन शीर्षकको शोध मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यप्रति म पूर्णरूपमा सन्तुष्ट रहेको छु र आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

**शोधनिर्देशक**

================<br>
=============<br>
डा. पारसमणि भण्डारी<br>
सहप्राध्यापक, शिक्षाशास्त्र सङ्काय<br>
त्रि.वि. कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

यस विभागका छात्रा राधा भट्टराईले तयार पार्नुभएको **कक्षा १० को महेन्द्रमाला** (२०३०) **र नेपाली पाठ्यपुस्तक** (२०६०) **को तुलनात्मक अध्ययन** नामक शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
| --- | --- |
| १. सह.प्रा. भोजराज ढुङ्गेल (विभागीय प्रमुख) | ........................................ |
| २. प्रा.डा. हेमाङ्गराज अधिकारी | ........................................ |
| ३. प्रा.डा. रामचन्द्र लंसाल | ........................................ |
| ४. प्रा.डा. केदारप्रसाद शर्मा | ........................................ |
| ५. सह.प्रा.डा. पारसमणि भण्डारी | ........................................ |

मितिः २०६४/१०/१८

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| **नाम** | : | **राधा भट्टराई** |
| **ठेगाना** | : | खााचीकोट-५, डिहीडााडा, अर्घाखााची |
| **जन्म मिति** | : | २०३२-०१-२१ |
| **बुबाआमाको नाम** | : | डा. पिताम्बर भट्टराई, विष्णुदेवी भट्टराई |
| **शैक्षिक योग्यता** | : | एम.एड. (नेपाली) |
| **पेसा** | : | शिक्षण |

**शिक्षा**

| | | |
|---|---|---|
| १. एस.एल.सी | : | श्री जनज्योति मा.वि. चुत्रावेशी, अ खा |
| २. आइ.ए. | : | श्री पाणिनि बहुमुखी क्याम्पस, सन्धिखर्क |
| ३. बी.ए. | : | श्री पाणिनि बहुमुखी क्याम्पस, सन्धिखर्क |
| ४. बी.एड. | : | बुटवल बहुमुखी क्याम्पस, रूपन्देही |
| ४. एम.एड. | : | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं, २०६४ । |

**संस्थागत संलग्नता**

१. सम्पादक : सम्प्रेषण अङ्क २, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

**पेशागत संलग्नता**

१. शिक्षक : श्री भगवती प्रा.वि., खााचीकोट-८, अ खा (६ वर्ष)

२. शिक्षक : हाल भी.एस. ग्लोरिएस, थापाथली

# विषयसूची

*पेज नं*


## अध्याय-एक

परिचय (शोधप्रस्ताव) १–८

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधको उद्देश्य २

१.५ शोधको औचित्य ३

१.६ पूर्वकार्यको समीक्षा ४

१.७ अध्ययन विधि ७

१.८ अध्ययनको सीमाङ्कन ७

१.९ शोधको रूपरेखा ८

## अध्याय-दुई

भाषा पाठ्यपुस्तक अध्ययनका सैद्धान्तिक आधार ढ(ज्ञछ

२.१ भाषा पाठ्यपुस्तकको परिचय ९

२.२ भाषा पाठ्यपुस्तक अध्ययनका आधारहरू १०

२.२.१ विषय प्रवेश १०

२.२.२ आन्तरिक वा शैक्षिक पक्ष १०

२.२.२.१ विषयवस्तु १०

२.२.२.२ विधा तथा प्रस्तुति ११

२.२.२.३ भाषिक संरचना र शब्दभण्डार ११

२.२.२.४ नमुना अभ्यास १२

२.२.२.५ चित्र १२

२.२.२.६ भूमिका तथा निर्देशन १३

२.२.३ बाह्य आधार वा भौतिक पक्ष १३

२.२.३.१ आवरण पृष्ठ १३

२.२.३.२ आकार वा बनोट १३

२.२.३.३ छपाइ १३

२.२.३.४ अक्षर १४

२.२.३.५ कागज १४

२.२.३.६ बँधाइ वा सिलाइ १४
२.२.३.७ मूल्य १४
२.२.३.८ सुलभता १४
२.२.३.९ विषयसूची १४
२.३ सारांश १५

**अध्याय–तीन**

निर्धारित पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण १६–२७
३.१ भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा अध्ययन विश्लेषण १६
३.१.१ कक्षा १० को महेन्द्रमाला (२०३०) १६
३.१.१.१ विषयवस्तु १६
३.१.१.२ विधा तथा प्रस्तुति १६
३.१.१.३ नमुना अभ्यास १८
३.१.१.४ भाषिक संरचना २१
३.१.२ कक्षा १० को नेपाली (२०६०) २१
३.१.२.१ विषयवस्तु २१
३.१.२.२ विधा तथा प्रस्तुति २२
३.१.२.३ नमुना अभ्यास २३
३.१.२.४ भाषिक संरचना २५
३.२ भाषा पाठ्यपुस्तकको बाह्य वा भौतिक आधारमा अध्ययन विश्लेषण २६
३.२.१ कक्षा १० को महेन्द्रमाला (२०३०) २६
३.२.२ कक्षा १० को नेपाली (२०६०) २७
३.३ सारांश २७

**अध्याय–चार**

पाठ्यक्रमअनुरूपताका दृष्टिले महेन्द्रमाला र नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन २८–४४
४.१ विषय प्रवेश २८
४.२ कक्षा १० को नेपाली पाठ्यक्रम (२०२८) र महेन्द्रमाला (२०३०) २८
४.२.१ उद्देश्य र पाठहरू २८
(क) सुनाइ २९
(ख) बोलाइ ३०
(ग) पढाइ (वाचन) ३१
(घ) लेखाइ (लेखन) ३२
४.२.२ विधाको क्षेत्र, क्रम र पाठहरू ३३
४.३ माध्यमिक शिक्षा पाठ्यक्रम अनिवार्य नेपाली (कक्षा ९ र १०) २०५५ र नेपाली

किताब (२०६०) ३५

४.३.१ उद्देश्य र पाठहरू ३५

(क) सुनाइ र बोलाइ ३५

(ख) पढाइ ३७

(ग) लेखाइ ३७

४.३.२ विधाको क्षेत्र र क्रम तथा पाठहरू ३९

४.४ सारांश ४३

**अध्याय-पाँच**

कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) ४५-५१

५.१ यी दुवै भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा तुलनात्मक अध्ययन ४५

५.१.१ विषयवस्तु ४५

५.१.२ प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त विधा तथा प्रस्तुति ४६

५.१.३ भाषिक संरचना ४८

५.१.४ नमुना अभ्यास ५०

५.२ सारांश ५१

**अध्याय-छ**

निष्कर्ष र सुझाव ५२-५५

६.१ निष्कर्ष ५२

६.२ सुझावहरू ५४

६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ५५

सन्दर्भग्रन्थसूची

# तालिकासूची


| | | |
|---|---|---|
| | | ***पृ.नं.*** |
| **तालिका नं. १ :** | **विधागत पाठहरू क्षेत्र र सङ्ख्या** | १७ |
| **तालिका नं. २ :** | **नमुना अभ्यासका प्रकार र जम्मा नमुना अभ्यास** | १९ |
| **तालिका नं. ३ :** | **विधागत पाठहरू क्षेत्र र सङ्ख्या** | २२ |
| **तालिका नं ४ :** | **विधागत पाठहरू क्षेत्र र सङ्ख्या** | २४ |
| **तालिका नं. ५ :** | **पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्रम क्षेत्र र पाठ्यपुस्तक समाविष्ट** | ३४ |
| **तालिका नं. ६ :** | **विधा क्षेत्र, क्रम र पाठहरू** | ४० |
| **तालिका नं. ७ :** | **विधाको क्षेत्र, क्रम र पाठसङ्ख्या** | ४३ |
| **तालिका नं. ८ :** | **महन्द्रमाला र नेपालीका विषयवस्तु** | ४६ |
| **तालिका नं. ९ :** | **पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्रम क्षेत्र र पाठ्यपुस्तक समाविष्ट** | ४७ |
| **तालिका नं. १० :** | **पाठ्यपुस्तक प्रयुक्त वाक्य, अनुच्छेद पाठ (सानोदेखि ठूलोको क्रममा)** | ४९ |

# शोधसार

**शोधशीर्षक :** कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) को तुलनात्मक अध्ययन

**शोधार्थी :** राधा भट्टराई

**शोधनिर्देशक :** सह.प्रा.डा. पारसमणि भण्डारी

**विभाग/क्याम्पस :** नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर

**शैक्षिक वर्ष :** २०६०/०६२ : पृष्ठ संख्या : ५५+१४ **ह** अध्याय : छ

**शोधप्रक्रिया :**

**प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविलय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.ए८. नेपा.शि. छढड पा७्यांशको प्रयोजनको लागि तयार गरिएको हो ।**

**प्रस्तुत शोधकार्य भाषा पा७्यपुस्तक अध्ययनका सै8ान्तिक आधारमा प्रस्तुत गर्नुह भाषा पा७्यपुस्तकहरूको पा७्यक्रम अनुरूपताका दृष्6ले अध्ययन गर्नु, दुवै पा७्यपुस्तकको आन्तरिक र वाह्य आधारमा तुलनात्मक अध्ययन गर्नु र पा७्यपुस्तकहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष र सुझाव दिनु उद्देश्यले गरिएको ५ ।**

**प्रस्तुत पा७्यपुस्तकहरूको अध्ययन गर्दा विद्वान् तथा विशेष१हरूद्वारा तयार गरिएका राम्रा पा७्यपुस्तकहरूमा हुने गु0ाहरूका अवलम्बन गरी मुरव्य रूपमा पुस्ताकालयीय विधि अपनाइएको ५ ।**

छ अध्यायमा सङ्गठित गरिएको यस शोधकार्यमा क्रमशः शोधपरिचय, भाषापाठ्यपुस्तक अध्ययनका सैद्धान्तिक आधार, निर्धारित पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण, पाठ्यक्रमअनुरूपताका दृष्टिले महेन्द्रमाला र नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन, यी दुवै पाठ्यपुस्तकको तुलनात्मक अध्     निष्कर्ष र सुझाव राखिएको छ ।

प्रस्तुत शोधकार्यका निष्कर्षहरू निम्नानुसार छन् :

१. महेन्द्रमाला (द्दण्घण) र नेपाली (द्दण्टण) मा पाठ्यपुस्तक निर्माणका क्रममा विधा र पाठको चयनमा पाठ्यक्रम अनुरूपताको कमी देखिन्छ ।

२. विधा र पाठ्यभार, शब्दसङ्ख्या, नमुना अभ्यास आदिमा सन्तुलन देखिँदैन ।

३. भाषाका चार सीपमध्ये लेखाइ मात्र बढी जोड दिइएको छ ।

४. महेन्द्रमालाको तुलनामा नेपाली पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र अनुसार सन्तुलित रहेको देखिन्छ ।

५. महेन्द्रमालामा भन्दा नेपाली पाठ्यपुस्तकमा शब्दार्थ बढी दिइएको छ ।

६. आकार प्रकारका दृष्टिले हेर्दा लम्बाइ र चौडाइमा नेपाली ठूलो र मोटाइका दृष्टिले महेन्द्रमाला ठूलो देखिन्छ । आवरण पृष्ठ र गाताबन्दीलाई हेर्दा दुवै पाठ्यपुस्तकहरू कम स्तरीय देखिन्छन् ।

७. नेपालीमा विशेष १ानका लागि थप सामग्री दिइएको ५ भने महेन्द्रमालामा दिइएको ५ैन ।

८. सिर्जनात्मक अभ्यासहरूलाई हेर्दा महेन्द्रमालामा पा७साग सम्बन्धित ५न् भने नेपालीमा स्वतन्त्र किसिमका पाइन्५न् ।

## अध्याय-एक

# परिचय (शोधप्रस्ताव)

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा १० को महेन्द्रमाला** (२०३०) **र नेपाली पाठ्यपुस्तक** (२०६०) **को तुलनात्मक अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको पाठ्यांश (नेपा.शि. ५९८) को आवश्यकता परिपूर्तिको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ समस्याकथन

भाषा शिक्षण भाषिक सीप विकाससँग सम्बन्धित हुन्छ । भाषा शिक्षणको उद्देश्य भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू परिपूर्तिका गर्नका लागि भाषा पाठ्यपुस्तकको निर्माण गरिन्छ । भाषा शिक्षणमा भाषा पाठ्यपुस्तकलाई उपयोगी साधनका रूपमा प्रयोग गरिन्छ । अझ हाम्रो जस्तो पर्याप्त स्रोत र साधनको अभाव रहने स्थितिमा त भाषा पाठ्यपुस्तक एक मात्र निर्विकल्प साधनका रूपमा उपयोग गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तकले तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूलाई शिक्षणका पाठ्यवस्तु चयन गर्न, आवश्यक कार्यकलाप गराउन, उपयोगी विधिको प्रयोग गर्न र थप अभ्यासको तर्जुमा गर्न समेत सघाउ पुऱ्याउँछ । अतः भाषा पाठ्यपुस्तकलाई हरेक दृष्टिले समुन्नत बनाउन अपरिहार्य हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक सीपविकासका लागि विविध विधाको उपयोग गरिएको हुन्छ । त्यसको उद्देश्य साहित्य शिक्षण गर्ने नभई भाषिक सीप विकासका लागि विविध पाठ्यवस्तुको तर्जुमा गर्नु हो । यसर्थ भाषा पाठ्यपुस्तक भाषाशिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो (शर्मा र पौडेल २०६०; ३३९) ।

भाषा परिवर्तनशील वस्तु हो । राजनैतिक, सामाजिक, भौगोलिक र साहित्यिक कारणले गर्दा भाषामा परिवर्तन हुँदै जान्छ । भाषामा आएका परिवर्तनहरूले गर्दा भाषा पाठ्यक्रममा परिवर्तन हुनु अपरिहार्य हुन्छ । त्यसै हुनाले नेपाली भाषा पाठ्यपुस्तकहरूमा समय-समयमा परिमार्जित र परिवर्धित हुँदै आएका छन् ।

यसै सन्दर्भमा माध्यमिक तहको कक्षा १० को नेपाली पाठ्यपुस्तक (महेन्द्रमाला) प्रारम्भदेखि हालसम्म विभिन्न समयमा विभिन्न नामले परिवर्तित र परिमार्जित गरिँदै आएको छ ।

महेन्द्रमाला र नेपाली किताबमा पाठको स्वरूप के कस्तो छ, पाठ्यक्रमअनुरूप भाषा पाठ्यपुस्तक निर्माण गरिएको छ वा छैन; साथै विद्यार्थीको रुचि, क्षमता र स्तरलाई पनि ध्यान पुऱ्याइएको छ वा छैन; विधा वितरण के कसरी गरिएको छ, यी दुवै भाषा पाठ्यपुस्तकमा आन्तरिक र बाह्य आधारमा के-कति समानता र भिन्नता छन् आदि कुरालाई नै अध्ययनको मुख्य समस्याका रूपमा लिइएको छ ।

यसर्थ प्रस्तुत अध्ययनसगँ सम्बन्धित सम्बद्ध समस्यहरू निम्नानुसार रहेका छन्-

(क) भाषा पाठ्यपुस्तकको निर्माण सैद्धान्तिक आधार अनुरूप छन् वा छैनन् ?

(ख) उल्लेखित पाठ्यपुस्तकहरूका आन्तरिक र बाह्य पक्ष के-कस्ता छन् ?

(ग) उक्त पाठ्यपुस्तकहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त छन् वा छैनन् ?

(घ) उक्त पाठ्यपुस्तहरूमा विधा वितरण र प्रस्तुतीकरण के-कस्तो छ ?

## १.४ शोधका उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन्-

(क) भाषा पाठ्यपुस्तक अध्ययनका सैद्धान्तिक आधारमा प्रस्तुत गर्नु,

(ख) यी दुवै पाठ्यपुस्तकहरूको पाठ्यक्रमअनुरूपताका दृष्टिले अध्ययन गर्नु,

(ग) यी दुवै पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारमा तुलनात्मक अध्ययन गर्नु,

(घ) उल्लिखित पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष र सुझाव दिनु ।

**१.५ शोधको औचित्य**

समयको परिवर्तनसँगै हरेक देशले आफ्नो तत्कालीन आवश्यकता परिपूर्तिका निम्ति समय-समयमा पाठ्यक्रम परिवर्तन र परिमार्जन गर्दै लैजानु पर्दछ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूको बालमनोविज्ञानलाई समेत मध्यनजर गरी पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । पाठ्यक्रममा समेटिएका विषयवस्तुलाई पाठ्यपुस्तकमा प्रस्तुत गरिँदा विद्यार्थीको मनोवैज्ञानिक पक्षलाई ध्यान दिइएको खण्डमा मात्र सिकारुले उक्त विषयवस्तुलाई राम्रोसँग ग्रहण गर्न सक्दछ भन्ने कुरालाई नकार्न सकिँदैन । नेपालको सन्दर्भमा माध्यमिक तहअन्तर्गत कक्षा १० मा पहिला प्रयोग भएको महेन्द्रमाला २०३० को छैटौं संस्करण २०३५ र हालको नेपाली २०५६ को संशोधित २०६० पाठ्यक्रम विकास केन्द्रद्वारा मूल वा अनिवार्य पाठ्यपुस्तकका रूपमा लागु गरिँदै आएको छ । यी दुवै अनिवार्य पाठ्यपुस्तकका रूपमा प्रकाशित भएका पाठ्यपुस्तकहरूमा महेन्द्रमाला जनक शिक्षा सामग्री केन्द्रका सम्पादक रामेश्वर शर्मा चालिसेको संयोजकत्वमा तीन जना सदस्यहरू रहेका छन् भने हालको नेपालीका लेखक तथा सम्पादक प्रा.डा. दयाराम श्रेष्ठलगायत तीन जना सदस्यहरू रहेका छन् ।

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित यी दुवै पाठ्यपुस्तकहरूको सैद्धान्तिक विश्लेषण गर्नु, आन्तरिक र बाह्य पक्षलाई केलाउनु पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विधा वितरण र प्रस्तुतीकरणलाई हेर्नुमा मुख्य केन्द्रित रही शोधकार्य गरिएको छ । यस शोधमा भाषा पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरूलाई केलाई निष्कर्ष र सुझाव समेत दिइएको छ । कक्षा १० नेपालको विद्यालय

शिक्षाको अन्तिम खुट्किलो भएको र यसलाई उच्च शिक्षाको आधारभूत जगका रूपमा लिइने भएकाले उक्त कक्षाको पाठ्यपुस्तकबारे छलफल बहस तथा अध्ययन अनुसन्धान हुँदा त्यसका सबल र दुर्बल पक्ष सम्बन्धित पक्षसँग आइपुग्छन्, जसले गर्दा उक्त पाठ्यपुस्तकलाई परिमार्जन गरी त्रुटिरहित बनाउन मद्दत मिल्छ । यही नै यस शोधको प्रमुख औचित्य पनि हो ।

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य प्रारम्भ गर्नु अगाडि सम्बन्धित क्षेत्रमा भएका कामहरूका बारेमा अध्ययन गर्नु आवश्यक पर्दछ । यसबाट आफूले अध्ययन गर्न खोजेका विषयमा काम गर्दा उक्त कार्यलाई सजिलैसँग अगाडि बढाउन सकिन्छ । त्यसैले यस शोधकार्यमा प्रस्तुत शोधसँग सम्बन्धित पाठ्यपुस्तकबारे भएका मह□वपूर्ण अध्ययनलाई तल प्रस्तुत गरिएको छ -

भाषा शिक्षणका क्रममा भाषा पाठ्यपुस्तकका बारेमा विदेशमा धेरै अगाडि देखि नै अध्ययन अनुसन्धान गर्न थालिएको देखिए तापनि नेपालमा यो परम्परा धेरै पछि मात्र सुरु भएको देखिन्छ । यसै सन्दर्भमा सन् १९७७ मा भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान प्रशिक्षण परिषद (NCERT) द्वारा “प्रिपरेसन अफ इभ्यालुएसन अफ टेक्स्टबुक्स इन मदर टङ” विषयमा गरिएको अध्ययनले भाषा पाठ्यपुस्तक तयार गर्ने सैद्धान्तिक धारणालाई अगाडि ल्याएको देखिन्छ ।

नेपालमा सर्वप्रथम हेमाङ्गराज अधिकारीले त्रिभुवन विश्वविद्यालय नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन (२०३४) मा कार्यपत्र प्रस्तुतको रूपमा रहेको पाइन्छ । यसमा माध्यमिक र उच्च शिक्षाका नेपाली पाठ्यक्रम बीचको सम्बन्ध शीषकअन्तर्गत माध्यमिक तहको नेपाली भाषाशिक्षणका पाठ्यवस्तुको समीक्षा भन्ने उपशीर्षक राखी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तकहरूमा रहेका विधा र भाषातत्त्वको सङ्क्षिप्त चर्चा गरिएको छ ।

यसैगरी हेमाङ्गराज अधिकारीद्वारा वि.सं. २०४४ मा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रबाट केन्द्रबाट प्रकाशित "शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्व" भन्ने अनुसन्धानात्मक पुस्तकमा प्रा.वि., नि.मा.वि. र मा.वि. तहका पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमा चर्चा गरिएको पाइन्छ ।

केदारप्रसाद शर्माले विद्यावारिधिको शोधग्रन्थ "अ क्रिटिकल इभ्यालुएसन अफ प्राइमरी लेभल गर्भमेन्ट टेक्स्टबुक अफ द नेपाली ल्याङ्ग्वेज" मा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकको अध्ययन आन्तरिक र बाह्य आधारमा गरेको पाइन्छ । यसमा कक्षा १ देखि ५ सम्म भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप नभएको; विद्यार्थीको रुचि, उमेर र क्षमताअनुसार विधाको छनोट नगरिएको तथा विधागत पाठहरूको प्रस्तुति, विस्तार, शब्दभण्डार, वाक्यगठन र वाक्यको लम्बाइ कक्षा १ को पाठ्यपुस्तकमा बाहेक अन्य पाठ्यपुस्तकमा सन्तुलित नभएको देखाइएको छ ।

नेत्रप्रसाद पौडेलले स्नातकोत्तर तहको शोधपत्र २०५६ मा कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन गरेका छन् । यसमा आन्तरिक र बाह्य विशेषताका आधारमा भाषा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । उक्त शोधमा हाम्रो नेपाली किताबमा खास त्रुटि नभएको र सरल नेपाली श्रृङ्खलामा विद्यार्थीको रुचि, उमेर, क्षमताअनुसार मनोवैज्ञानिक पक्षलाई ध्यान नदिएको कुरा निष्कर्ष निकालिएको छ ।

गेहनाथ गौतमले २०५७ सालमा कक्षा ५ को 'मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' गरेका छन् । यसमा मेरो नेपाली किताबमा विधाको रखाइक्रम दोहोरिएको छ । सजिलो नेपाली मालामा विषयक्षेत्रको उचित प्रतिनिधित्त्व हुन सकेको छैन । दुवैमा सामग्री, विधा सङ्ख्या र पाठसङ्ख्याको दृष्टिले कमजोर देखाएका छन् ।

शर्वराज आचार्यले '२०५८ मा कक्षा १ र २ को 'सजिलो नेपाली माला र नयाँ नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन' गरेका छन् । उक्त शोधपत्रमा सजिलो नेपाली

मालामा विषयवस्तुको प्रस्तुति र वितरणमा सन्तुलन क्रमबद्ध स्तरण गरिएको देखिन्छ । नयाँ नेपाली श्रृङ्खलामा विषयवस्तु विविधताको कमी, प्रस्तुति र क्रमबद्ध स्तरणको अभाव, विषयवस्तुको सन्तुलन नभएको र भाषिक सीप अभ्यासको कमी भएको कुरा निष्कर्षमा देखाइएको छ ।

कमलराज खनालले २०५९ मा कक्षा ४ को 'मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' गरेका छन् । भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधार अध्ययन गरिएको उक्त शोध अध्ययनअनुसार विधागत पाठहरूको रखाइक्रम समग्रमा सजिलो नेपाली मालामा भन्दा मेरो नेपाली किताबमा राम्रो देखिएको कुरा निष्कर्षमा दिइएको देखिन्छ ।

नारायणप्रसाद पौडेलले २०५९ मा कक्षा २ को 'मेरो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन' गरेका छन् । अध्ययनअनुसार विषयवस्तुका दृष्टिले दुवै पाठ्यपुस्तक भौतिक र साँस्कृतिक क्षेत्रलाई समेटेर निर्माण गरिएका छन् । मेरो नेपाली किताबमा सबै भाषिक सीपहरू समेटिएको तर सरल नेपाली श्रृङ्खलामा सुनाइ र बोलाइ सीपको उल्लेख नगरिएको; मेरो नेपाली किताब सामान्य : पाठ्यक्रमअनुरूप आकार उपयुक्त देखिएको तर सरल नेपाली श्रृङ्खला पाठ्यक्रमअनुरूप नदेखिएको; सरल नेपाली शृङ्खला केही भद्दा देखिएको यी दुवै पाठ्यपुस्तक विद्यार्थीको रुचि, क्षमता र स्तरअनुकूल नभएको कुरा निष्कर्षको रूपमा राखिएको छ ।

प्रकाश घिमिरेले २०६० (ताहाचल) मा 'हाम्रो नेपाली किताब कक्षा आठ र सजिलो नेपाली माला कक्षा आठको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधमा हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनामा पाठ्यक्रमसँग नजिक भए जस्तो देखिए पनि विधाको क्षेत्रलाई समेट्न नसकेको कुरा निष्कर्षमा निकालिएको छ ।

कमला ज्ञवालीले (२०६२) मा कक्षा ३ को 'मेरो नेपाली किताब, नयाँ नेपाली श्रृङ्खला र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' गरेकी छन् । उक्त शोधमा मेरो नेपाली किताब र सजिलो नेपाली माला पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका विधाअन्तर्गतकै पाठहरू राखिएका छन् भने नयाँ नेपाली श्रृङ्खलामा पाठ्यक्रमले निर्दिष्ट गरेभन्दा बाहिरका जीवनी र चिठी विधाका पाठहरू पनि राखिएका पाठ्यक्रमले सीपगत उद्देश्यहरू किटान गरी सबै सीपलाई २५/२५ प्रतिशत समय निर्धारण गरे तापनि तीनवटै पाठ्यपुस्तकमा सुनाइ, बोलाइभन्दा पढाइ र पढाइभन्दा लेखाइ सीपसम्बन्धी अभ्यास धेरै राखिएको तथा पाठ्यक्रमले बाल शब्दकोश प्रयोग गर्न सक्ने उद्देश्य राखे तापनि तीनवटै पाठ्यपुस्तकमा यससम्बन्धी अभ्यास राखेको नपाइएको जस्ता कुराहरू निष्कर्षमा देखाइएको छ ।

उपर्युक्त सर्वेक्षण अनुसार कक्षा १० को महेन्द्रमाला र नेपालीको तुलनात्मक अध्ययन भएको पाइँदैन । यसर्थ यस शोधपत्रमा उपर्युक्त दुवै पाठ्यपुस्तकहरू पाठ्यक्रम अनुरूप तयार भएका छन्/छैनन् । यिनीहरूका के-कस्ता सबल र दुर्बल पक्षहरू रहेका छन् भनी अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

### १.७ अध्ययन विधि

प्रस्तुत शोध 'महेन्द्रमाला र नेपाली पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन' मा केन्द्रित रहेकाले यो मुख्य पुस्तकालयीय विधिमा नै आधारित रहेको छ । सामग्री सङ्कलनको क्रममा प्राथमिक स्रोतका रूपमा कक्षा १० को पुरानो महेन्द्रमाला (२०३०) र नेपाली (२०५६ को परिमार्जित संस्करण २०६०) लाई सङ्कलन गरी उपयोग गरिएको छ । आवश्यकताअनुसार पाठ्यक्रम २०२८ र २०५५ लाई पनि उपयोग गरिएको छ । पाठ्यक्रम पाठ्यपुस्तक निर्माणमा संलग्न विद्वान्वर्ग, निर्देशक गुरु तथा शिक्षाविद्हरूको सल्लाह सुझावका साथै विभिन्न सामग्रीहरूको सहायता लिइएको छ ।

### १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कक्षा १० को महेन्द्रमाला (२०२८ को पाठ्यक्रमअनुसार २०३० को छैटौं संस्करण २०३५) र कक्षा १० कै नेपाली (२०५५ को पाठ्यक्रमअनुसार २०५६ को परिमार्जित संस्करण २०६०) पाठ्यपुस्तकमा सीमित छ । पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्दा माध्यमिक शिक्षा पाठ्यक्रम २०२८ र २०५५ (अनिवार्य नेपाली) लाई लिइएको छ; साथै यस अध्ययन गर्दा आन्तरिक वा शैक्षिक पक्षअन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र नमुना अभ्यास तथा बाह्य वा भौतिक पक्षअन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, कागज, बँधाइ मूल्यलाई आधार बनाइएको छ । यसैका आधारमा निष्कर्ष लिइएको छ ।

**१.९ शोधको रूपरेखा**

| | | |
|---|---|---|
| अध्याय एक | - | शोध परिचय |
| अध्याय दुई | - | भाषा पाठ्यपुस्तक अध्ययनका सैद्धान्तिक आधार |
| अध्याय तीन | - | आन्तरिक र बाह्य आधारमा पाठ्यपुस्तकको विश्लेषण |
| अध्याय चार | - | पाठ्यक्रमअनुरूपताका दृष्टिले महेन्द्रमाला र नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन |
| अध्याय पाँच | - | कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली पाठ्यपुस्तक (२०५५) को तुलनात्मक अध्ययन |
| अध्याय छ | - | निष्कर्ष र सुझाव |

# अध्याय-दुई

# भाषा पाठ्यपुस्तक अध्ययनका सैद्धान्तिक आधार

## २.१ भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यक्रमद्वारा निर्धारित गरेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि तयार गरिएको साधन पाठ्यपुस्तक हो । यसमा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू पूर्ति गर्नका लागि सङ्कलित सामग्रीलाई एकीकृत रूपमा प्रस्तुत गरिन्छ । भाषा पाठ्यपुस्तक विद्यार्थी शिक्षक दुवैका लागि उपयोगी हुन्छ । यसले सम्बन्धित विषयको ज्ञान दिनुका साथै भाषिक सीप विकासका लागि समेत मद्दत पुऱ्याउँछ । भाषा पाठ्यपुस्तक भाषिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएको हुन्छ । विद्यार्थीको रुचि, क्षमता स्तर/तह, सुगमता जस्ता पक्षलाई पाठ्यक्रमअनुरूप तयार गरिएको हुन्छ ।

भाषा पाठ्युपुस्तकको परिभाषा दिने क्रममा विभिन्न विद्वान्हरूका फरक-फरक मत पाइन्छन् । जसमध्ये केही परिभाषालाई तल प्रस्तुत गरिएको छ-

(क) "पाठ्यपुस्तक भनेको त्यो पुस्तक हो, जसमा सिकाइका उद्देश्य पूरा गर्नका लागि प्रायः सरलीकृत र सङ्गठित ढङ्गले विभिन्न ज्ञान क्षेत्रको प्रस्तुति दिएको हुन्छ । पाठ्यपुस्तक एउटा मह□वपूर्ण सामग्री हो किनभने यसमा के पढाउने भन्ने कुराको निश्चितता मात्र नभएर कसरी पढाउने भन्ने कुराको पनि सुझ दिएको हुन्छ । हुनत टेलिभिजन तथा अन्य नवीन सञ्चारमाध्यमहरूले छापिएका सञ्चारमाध्यमहरूलाई पछाडि पारिरहेका छन्, तापनि विद्यालय तथा महाविद्यालयहरूका लागि पाठ्यपुस्तहरूलाई नै मह□वपूर्ण शिक्षण स्रोत मानिन्छ" (इन्साइक्लोपेडिया अमेरिका, २६ मे १९७६ : ५६३; शर्मा र पौडेल २०६० : २४०) ।

(ख) "विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार पारिएको कक्षाकोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो" (बेकन; ह्यारिस १९६०; १५१७, शर्मा र पौडेल २१०६०:३४०) ।

(ग) बृहत् नेपाली शब्दकोशका अनुसार- "विद्यालय एवम् विद्याथीहरूमा विद्यार्थीहरूको औपचारिक तवरले पढ्नुपर्ने पुस्तक नै पाठ्यपुस्तक हो" ( २०५८: ७६२) ।

(घ) प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार- "पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक, कक्षामा पढ्नुपर्ने पुस्तक" लाई पाठ्यपुस्तक भनिन्छ (२०६१ : ६०७) ।

माथिका परिभाषाका आधारमा भाषा पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पूर्तिका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्वारा तयार पारिएको पाठ्यपुस्तक नै भाषा पाठ्यपुस्तक हो । यो औपचारिक र अनौपचारिक दुवै किसिमका शिक्षाका लागि आवश्यक सामग्री हो । भाषा पाठ्यपुस्तकमा सम्बन्धित विषयको ज्ञान दिनुका साथै भाषिक सीपको विकास गराउने लक्ष्य राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषा साधन र साध्य दुवै हुन्छ भने अन्य विषयका पाठ्यपुस्तकमा विषयवस्तु साध्य हुन्छ ।

## २.२ भाषा पाठ्यपुस्तक अध्ययनका आधारहरू

### २.२.१ विषय प्रवेश

भाषा पाठ्यपुस्तक अध्ययनका आधारहरू दुई किसिमले गरिन्छ- आन्तरिक वा शैक्षणिक पक्ष र बाह्य वा भौतिक पक्ष ।

### २.२.२ आन्तरिक वा शैक्षिक पक्ष

भाषा पाठ्यपुस्तक अध्ययनका आन्तरिक आधारमा विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार, नमुना अभ्यास र चित्र आदि पर्दछन् ।

#### २.२.२.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकमा समावेश हुने विषयवस्तु पाठ्यक्रमले निर्देशन गरेबमोजिम विभिन्न किसिमका स्रोतबाट यस्ता विषयवस्तु चयन हुनुपर्छ । विषयवस्तुको छनोट गर्दा विद्यार्थीको रुचि, स्तर, उमेर, पूर्व शैक्षिक अनुभव, पाठ्यक्रमद्वारा निर्धारित भाषिक

सीपको विकास गर्ने नैतिक मूल्य-मान्यता अभिवृद्धि गर्न, श्रमप्रति आस्थावान, देशप्रेमी जस्ता कुरालाई विचार पुऱ्याउनु पर्छ, साथै भाषाशिक्षणका सूत्रहरूमा आधरित प्रयोगात्मक सीपमूलक र व्यावहारिक हुनपर्दछ ।

### २.२.२.२ विधा तथा प्रस्तुति

भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनु पर्दछ र ती विधाहरूका बीचमा आवश्यक संयोजन हुनुपर्दछ । भाषिक सीप र अभ्यासका दृष्टिले विधा फरक-फरक प्रस्तुति महत्वपूर्ण मानिन्छ । विधाको छनोट गर्दा विद्यार्थीको उमेर, स्तर जस्ता पक्षलाई ख्याल गर्नुपर्ने हुन्छ । जसले गर्दा शिक्षण सिकाइमा रोचकता तथा नवीनता थपिन जान्छ । विधाको प्रस्तुतिमा सरलबाट जटिल, ज्ञानबाट अज्ञाात र सामान्यबाट विशिष्टको क्रममा हुनुपर्छ; जसबाट पाठ्यपुस्तक उपयुक्त बन्न सक्छ ।

### २.२.२.३ भाषिक संरचना र शब्दभण्डार

पाठ्यपुस्तकभित्र प्रयुक्त भाषिक संरचनाको समग्र स्तर नै भाषा हो । यसर्थ भाषा पाठ्यपुस्तकमा प्रयोग हुने भाषा भाषिक सीप आर्जन हुने किसिमको हुनुपर्दछ । भाषा स्तरअनुरूप सरल एवम् बोधगम्य भाषिक सीप विकासमा टेवा पुऱ्याउँने खालको हुनुपर्दछ । भाषा विद्यार्थीको तह र स्तरका साथै बौद्धिक क्षमता अनुकूल रोचक शैलीमा हुनुपर्दछ ।

भाषा पाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर र क्षमता अनुरूप सरल व्यावहारिक तथा रुचिपूर्ण हुनुपर्छ । माध्यमिक तहमा आइपुग्दा वाक्य संरचना क्रमशः बढीमा १०/१२ शब्दले बनेका वाक्यसंरचना भएको भाषा प्रयोग गर्नुपर्छ । माथिल्लो तहका लागि सकेपछि नजानिँदो तवरले जटिल संरचना र शैलीको प्रयोग गर्दै लैजानु पर्ने मानिन्छ ।

शब्दभण्डार भाषिक अभिव्यक्तिको सबैभन्दा शक्तिशाली क्षेत्र हो । विद्यालय तहका लागि लेखिएका प्राथमिक तहका पाठ्यपुस्तकमा शब्दभण्डारको सङ्ख्यात्मक सीमाङ्कन पनि गरिएको छ, तर मा.वि. तहका पाठ्यपुस्तकमा भने त्यस्तो सीमा

देखिँदैन तापनि त्यसभित्र प्रस्तुत गरिने सामग्री सरल र सम्प्रेषणयुक्त हुनु आवश्यक छ । शब्दभण्डारबारेमा केही सैद्धान्तिक अवधारणा रहेका छन्; जस्तै-

कुनै पनि भाषामा रहेका सम्पूर्ण शब्दहरूको समष्टि नै शब्दभण्डार हो । यसैको पर्यायवाची शब्द शब्दढुकुटी हो । कुनै पनि भाषामा भएका र त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको समष्टि नै शब्दभण्डार हो । नेपाली भाषामा रहेका, नेपाली भाषामा अन्य भाषाबाट आएका र नेपाली भाषाका प्रयोक्ताले प्रयोग गर्ने गरेका शब्दहरूको समष्टि भण्डारलाई नै नेपाली भाषाको शब्दभण्डार भनिन्छ ....... भण्डारी (२०६१ : ४५-४६) ।

शब्दभण्डारअन्तर्गत विभिन्न पाठमा प्रयुक्त शब्दहरू र पाठबाहिरका स्तरअनुकूल शब्दहरूको अर्थ र प्रयोगका साथै उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिएको छ । विद्यार्थीहरूको शब्दभण्डार बढाउने क्रममा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनुकरणात्मक शब्द, श्रुतिसमभिन्नार्थक शब्द, पारिभाषिक शब्द र सङ्क्षिप्त शब्दलाई समेत ध्यान दिनु आवश्यक छ (मा.शि.पा. २०५५) ।

### २.२.२.४ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकमा विधागत पाठहरूका अन्त्यमा दिइएका अभ्यासहरूले पाठ्यपुस्तकको अध्ययन गर्न सहयोग पुऱ्याउँछ । हरेक विधागत पाठहरूका अन्त्यमा राखिएका नमुना अभ्यास विधागत उद्देश्यहरू परिपूर्ति गर्ने खालका हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू भाषिक सीप विकासका लागि उपयोगी हुनुपर्दछ । विद्यार्थीको तह र स्तर अनुसार सिर्जनात्मक अभ्यासहरू सरलबाट जटिलको क्रममा समावेश गरिनुपर्छ ।

### २.२.२.५ चित्र

भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग आवश्यक ठानिन्छ । जुनसुकै तहमा पनि चित्र हुनु अनिवार्य हुन्छ । चित्र राखेमा अवधारणा बसाल्न सजिलो हुन्छ । चित्रमा समावेश गरिएका विषयवस्तु रोचक र आकर्षक हुन्छन्, यद्यपि मा.वि. तहका

पाठ्यपुस्तकमा राखिएका सबै पाठसँग अनिवार्य रूपमा चित्र आवश्यक नपर्न सक्छन् तर आवश्यकतानुसार रङ्गीन वा श्यामश्वेत चित्रले पाठले सम्प्रेषण गर्ने अवधारणा बसाल्न राख्नुपर्दछ । प्रायः गरी चित्रको भूमिका प्रभावकारी नै मानिन्छ । मा.वि. तहका लागि श्यामश्वेत चित्रको प्रयोग उपयोगी ठानिन्छ । आकारका दृष्टिले पनि यस तहका सामग्रीसँग सम्बन्धित चित्रहरूको प्रस्तुति आकारगत दृष्टिले सानै भएपनि स्पष्ट र सान्दर्भिक हुनु बाञ्छनीय हुन्छ ।

### २.२.२.६ भूमिका तथा निर्देशन

भूमिकालाई पाठ्यपुस्तकको परिचयात्मक खण्ड मानिन्छ । यसमा पाठ्यपुस्तकका लेखक, सम्पादक, प्रकाशकीय शिक्षणको उद्देश्य, शिक्षकलाई निर्देशनजस्ता कुराहरूको साथै पाठ्यपुस्तकको आवश्यक जानकारी हुने गर्दछ ।

### २.२.३ बाह्य आधार वा भौतिक पक्ष

भाषा पाठ्यपुस्तका बाह्य आधारहरूमा आवरण पृष्ठ, आकार वा बनोट, छपाइ, अक्षर, कागज, बधाइ वा सिलाइ, मूल्य, सुलभता, विषयसूची आदि पर्दछन् ।

### २.२.३.१ आवरण पृष्ठ

आवरण पृष्ठमा भाषा पाठ्यपुस्तकको नाम, प्रकाशकको नाम तथा कक्षा/तह जनाइएको हुन्छ । यसले पाठ्यपुस्तकको सुरक्षा गर्ने भएकाले कागज मोटो प्लाष्टिक लेमिनेसन गरेको र आकर्षक किसिमको हुनुपर्दछ ।

### २.२.३.२ आकार वा बनोट

विद्यार्थीहरूको उमेर, स्तर, तह अनुसार पाठ्यपुस्तक छरितो र सुविधायुक्त हुनु राम्रो मानिन्छ ।

### २.२.३.३ छपाइ

भाषा पाठ्यपुस्तकको छपाइ सफा र स्पष्ट हुनु पर्दछ । छपाइका लागि राम्रो मसी प्रयोग हुनुका साथै वितरणमा पनि समान हुनुपर्दछ । शब्द, वाक्य र अनुच्छेद बीचमा दुरी मिलेको हुनुपर्दछ । उपयुक्त किसिमले किनारा छोड्नु पर्दछ ।

### २.२.३.४ अक्षर

भाषा पाठ्यपुस्तकको आवरण पृष्ठदेखि पाठशीर्षक, उपशीर्षक पाठ र अभ्यासमा प्रयोग भएका अक्षरहरूको आकार स्तरअनुरूप हुनुपर्दछ । मा.वि. तहका लागि साना अक्षरहरू उपयुक्त मानिन्छन् ।

### २.२.३.५ कागज

भाषा पाठ्यपुस्तकककाे कागज स्तरीय, बलियो चिल्लो, बाक्लो र एकापट्टिको छपाइ अर्को पट्टि नदेखिने हुन आवश्यक हुन्छ ।

### २.२.३.६ बँधाइ वा सिलाइ

पाठ्यपुस्तकको बँधाइ बलियो हुनुपर्छ । छिटो नउकियोस र पाना नछुटियोस् भनी धागोले सिलाउनु राम्रो हन्छ ।

### २.२.३.७ मूल्य

पाठ्यपुस्तकको मूल्य नाफामूलक नभएर कक्षागत स्तर वा अभिभावकको क्रयशक्तिलाई ध्यान पुऱ्याउनु राम्रो हुन्छ । वस्तु उत्पादनको सिद्धान्तका आधारमा पाठ्यपुस्तकको मूल्य निर्धारण गर्नुपर्छ ।

### २.२.३.८ सुलभता

पाठ्यपुस्तक सर्वसुलभ हुनुपर्दछ । हाम्रो मुलुकमा शहरी क्षेत्रका पर्याप्त पाइने पाठ्यपुस्तकको ग्रामीण क्षेत्रमा अभाव भई रहेको पाइन्छ । यस्तो अवस्थामा विद्यार्थीहरूले पाठ्यक्रमद्वारा निर्देश गरिएका उद्देश्य हासिल गर्न सक्दैनन् । यसर्थ भाषा पाठ्यपुस्तक सर्वसुलभ गराउने प्रयत्न गरिनुपर्दछ ।

### २.२.३.९ विषयसूची

विधागत पाठप्रारम्भ हुनु भन्दा अगाडि भाषा पाठ्यपुस्तकमा विषयसूची राखिनु पर्छ । विधा लेखक र पृष्ठसंख्या खुलाएर विषयसूची राखिनुपर्दछ । विषयसूची हेरेर कुन पाठ कति पृष्ठमा छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

## २.३ सारांश

भाषा पाठ्यपुस्तकका बारेमा विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिइए तापनि भाषा पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पूर्तिका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्वारा तयार पारिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो । भाषा पाठ्यपुस्तकका अध्ययनका आन्तरिक आधारहरूमा विषवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार र नमुना अभ्यास आदिको अध्ययन विश्लेषण गरिएको छ । यसका साथै वाह्य वा भौतिक आधारहरूमा आवरण पृष्ठ, छपाइ, आकार वा बनोट, कागज बँधाइ आदि कुराहरूमा आधारित रही अध्ययन विश्लेषण गरिएको छ ।

## अध्याय-तीन

## निर्धारित पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण

### ३.१ भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा अध्ययन विश्लेषण

### ३.१.१ कक्षा १० को महेन्द्रमाला (२०३०)

#### ३.१.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकको विषयवस्तु विद्यार्थीको क्षमता र स्तर अनुकूल क्षेत्रबाट लिइएको हुनुपर्दछ । कक्षा १० को महेन्द्रमालामा जम्मा ४२ वटा विधागत पाठहरू राखिएका छन् । जसमा ७ वटा कविता, ९ वटा कथा, ८ वटा रूपक, ६ वटा निबन्ध, ७ वटा जीवनी, ३ वटा चिठी र २ वटा दैनिकी छन् । कविताहरूमा सामाजिक, नैतिक, वर्णनात्मक, साँस्कृतिक छन् । यी कविताहरू अनुष्टुप र शिखरिणी छन्दमा छन् । कथाहरूमा सामाजिक, पौराणिक, लोककथा, ऐतिहासिक र आधुनिक छन् । रूपक विद्याअन्तर्गत मनोवाद, सम्वाद, विवाद र एकाङ्की पर्दछन् । यस पुस्तकमा पाठहरू समानुपातिक रूपमा राखिएको पाइँदैन । ८ वटा रूपक विधामध्ये अभिनयको सशक्त माध्यम एकाङ्की जम्मा एउटा राखिएको छ ।

भाषा पाठ्यपुस्तकलाई समग्र रूपमा नियाल्दा विधागत विविधता देखिन्छ । विद्यार्थीको सिर्जनशील क्षमतालाई विकास गर्ने खालका विभिन्न क्षेत्रका विषयवस्तुलाई समेटेको छ, जुन उपयुक्त नै छन् । तर पाठ्यपुस्तकमा ४२ वटा पाठहरू समावेश गर्नाले विद्यार्थीको ज्ञान पक्ष निकै सतही जान्छ । पाठको विषयवस्तुअनुसार गहिराइमा जाँदा त्यति धेरै पाठ असम्भव भएकाले समाविष्ट पाठलाई हेरफेर गर्न आवश्यक देखिन्छ ।

#### ३.१.१.२ विधा तथा प्रस्तुति

यस पाठ्यपुस्तकमा कथा, निबन्ध/प्रबन्ध, जीवनी, रूपक, चिठी, पद्य (कविता) गरी जम्मा ४२ वटा पाठहरू राखिएका छन् । जसलाई तलको तालिकामा देखाउन सकिन्छ -

**तालिका नं. १**

**विधागत पाठहरू क्षेत्र र सङ्ख्या**

| क्र.सं. | विधा | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| १. | निबन्ध | १. आलु<br>२. भलादमी<br>३. एक घण्टा बिताउन<br>४.शिकार<br>५. पहाडी जीवन<br>६. खै खै | वस्तुपरक<br>भावपरक<br>भावपरक<br>वस्तुपरक<br>वस्तुपरक<br>भावपरक | ६ |
| २. | कथा | १. रानीपोखरी<br>२. जुत्ता खाने बुहारी<br>३. युधिष्ठिरको मन<br>४. मेरी सानी भतिजी प्रतिभा<br>५. साधुचोर<br>६. अठोट<br>७. मेरो सानू साथी<br>८. क्षमादान<br>९. उत्तिस र लालीगुराँस | ऐतिहासिक<br>लोकथा<br>पौराणिक<br>आधुनिक<br>पौराणिक<br>ऐतिहासिक<br>आधुनिक<br>ऐतिहासिक<br>लोककथा | ९ |
| ३. | जीवनी | १. कवि शिरोमणी<br>२. भोल्टेयर<br>३. जयपृथ्वीबहादुर सिंह<br>४. लियो टाल्स्टाय<br>५. महीन्द्र मल्ल<br>६. मार्कोनी<br>७. महर्षि वेदव्यास | ऐतिहासिक<br>अन्तर्राष्ट्रिय<br>राष्ट्रिय<br>अन्तर्राष्ट्रिय<br>राष्ट्रिय<br>अन्तर्राष्ट्रिय<br>साँस्कृति | ७ |
| ४. | चिठी | १. गण्डकी, लुम्बिनी, नारायणी घुमेर बागमती<br>२. हाजिर जवाफ प्रतियोगिता<br>३. घिऊ पूरै स्वच्छ र सफा | घरायसी<br>कार्यालय<br>व्यापारी | ३ |
| ५. | रूपक | १. यश, ऐश्वर्य र उपभोग<br>२. सम्वादै सम्वाद<br>३. फुर्सदको उपयोग<br>४. ठूलो मान्छे<br>५. साथी पर्खुञ्जेल | विवाद<br>सम्वाद<br>सम्वाद<br>विवाद | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | ६. सहशिक्षा आजको माग<br>७. चुरोट छोड्ने अठोट<br>८. पर्खालभित्र | मनोवाद<br>विवाद<br>सम्वाद<br>एकाङ्की | |
| ६. | पद्य | १. देशको माटो<br>२. सत्य सन्देशको अंश<br>३. शारदी सोभा<br>४. धर्तीमाता<br>५. सम्वाद<br>६. शहीदको सम्भना<br>७. छोरी घर पठाउँदा | सामाजिक<br>नैतिक<br>वर्णनात्मक<br>साँस्कृतिक<br>वर्णनात्मक<br>सामाजिक<br>नैतिक | ७ |
| ७. | दैनिक | १. विद्यालयको साँस्कृतिक गतिविधि<br>२. एक विद्यार्थीको दैनिकी | कार्यालय<br>घरायसी | २ |

महेन्द्रमाला (२०३०) मा ४२ वटा पाठहरू राखिएका छन् । जसलाई सात विधामा विभाजन गरिएको छ । जस मध्ये ६ वटा निबन्ध, ९ वटा कथा, ७ वटा जीवनी, ३ वटा चिठी, ८ वटा रूपक, ७ वटा पद्य (कविता), २ वटा दैनिकी रहेका छन् । वस्तुपरक र भावपरक निबन्ध; राष्ट्रिय, अन्तर्राष्ट्रिय र साँस्कृतिक जीवनी; ऐतिहासिक, पौराणिक, लोक र आधुनिक कथा; घरायसी, कार्यालय र व्यापारी चिठी; विवाद, सम्वाद, मनोवाद र एकाङ्की रूपक; सामाजिक, नैतिक, ऐतिहासिक, साँस्कृतिक र वर्णनात्मक कविता र कार्यालय तथा घरायसी सम्बन्धी दैनिकी समावेश गरिएका छन् । कविता शिखरिणी, वसन्ततिलका अनुष्टुप र मन्दाक्रान्ता छन्दमा लेखिएका पाइन्छन् । गद्य विधामा ७ देखि ४५ अनुच्छेसम्मका पाठहरू राखिएका छन् । सुरुमा पाठ शीर्षक र लेखक दाँयापट्टि लेखिएको र तल दाँयापट्टि साभार गरिएको लेखिएको पाइन्छ । अधिकांश पाठहरू साभार गरिएका छन् ।

### ३.१.१.३ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकका अध्ययन विश्लेषणका आधारहरूमध्ये नमुना अभ्यासलाई मुख्य आधार मानिन्छ । विशेष गरी सैद्धान्तिक पक्षलाई सहयोग पुऱ्याउने खालका नमुना अभ्यासहरू महेन्द्रमालामा राखिएका पाइन्छन् । भाषा भनेको व्यवहार भएकाले

ती नमुना अभ्यासहरूले व्यवहार निर्माण गर्न सक्ने खालका हुनुपर्दछ तर ती नमुना अभ्यासले व्यवहार निर्माणमा सहयोग पुऱ्याउने खालका देखिँदैनन् । विधागत पाठअनुरूप नमुना अभ्यास हुनुपर्ने मान्यता भएपनि कक्षा १० को महेन्द्रमाला (२०३०) मा दिइएका नुमना अभ्यासहरूमा एकरूपता देखिँदैन । यसमा कुनै पाठको अन्त्यमा शब्द र अर्थ दिइएको छ, कुनैमा नमुना अभ्यासको बीचमा सँस्कृत शब्द र अर्थ साथै प्रयोग गर्न पनि भनिएको छ भने कुनै पाठको अन्त्यमा शब्द र अर्थ दिएको देखिँदैन । कुनै पाठमा नमुना अभ्यासका रूपमा केही पाठअनुरूपका प्रश्नहरूमात्र दिइएको पाइन्छन् । भाषात□वका अभ्यासहरू पनि क्रमबद्ध रूपमा दिइएका छैनन् ।

महेन्द्रमाला (२०३०) मा दिइएका नमुना अभ्यासहरू विभिन्न प्रकारका छन् । ती प्रकार र जम्मा नमुना अभ्यासलाई तलको तालिकामा देखाउन सकिन्छ -

**तालिका नं. २**

**नमुना अभ्यासका प्रकार र जम्मा नमुना अभ्यास**

| क्र.सं. | नमुना अभ्यासका प्रकार | जम्मा नमुना अभ्यास वा जम्मा प्रश्न |
|---|---|---|
| १. | शब्द र अर्थ | २५ अभ्यासहरू |
| २. | छोटो प्रश्नोत्तर | ११८ प्रश्नहरू |
| ३. | लामो प्रश्नोत्तर | १३८ प्रश्नहरू |
| ४. | आशय वा भाव स्पष्ट | ५२ प्रश्नहरू |
| ५. | व्याख्या | ६ प्रश्नहरू |
| ६. | वाक्यमा प्रयोग | ७ अभ्यासहरू |
| ७. | शुद्ध गरी लेख्ने | २ अभ्यासहरू |
| ८. | खाली ठाउँ भर्ने | १ अभ्यास |
| ९. | जोडा मिलाउने | १ अभ्यास |
| १०. | भाषात□व | ५१ अभ्यासहरू |
| ११. | शब्दभण्डार | ८ अभ्यासहरू |

महेन्द्रमाला (२०३०) मा दिइएका नमुना अभ्याासहरूमा एकरूपता छैन । कुनै पाठको अन्त्यमा शब्द र अर्थ दिइएको छ भने कुनैमा दिइएको छैन । पाठ ८ को “जुत्ता खाने बुहारी” को अभ्यासमा सुरुमा शब्द र अर्थ दिइएको छ । बीचमा संस्कृत शब्द र अर्थ दिइएको छ । फेरी त्यही पाठकै अन्त्यमा शब्द र अर्थ दिइएको छ । कुनै नमुना अभ्यासका बीच-बीच भाषात□वका अभ्यासहरू राखिएका छन् । कतिपय नमुना अभ्यासहरूमा भाषात□वका अभ्यास नै राखिएको पाइँदैन । कुनै नमुना अभ्यासहरूमा भाषात□वलाई एकै ठाउँमा राखिएका छन् । जस्तै पाठ छ “पर्खालभित्र” एकाङ्कीको अभ्यास ८ (आठ) को प्रश्नमा “पुत्र पुत्रीमा कु अगाडि थप्दा कुपुत्र, कुपुत्री भए जस्तै-चार, पत्ति, हारका अगाडि क्रमशः आ.वि. सम् लगाउँदा र नलगाउँदाका छुट्टा छुट्टै अर्थ लेख्नुहोस् र लेखेकै अर्थ ठीक लाग्ने गरी स्त्रीलिङ्ग र पुलिङ्गका सबै वचनमा पूर्ण वर्तमान र भूतकालका छुट्टाछुट्टै वाक्य बनाउनुहोस् ।” यस प्रश्नमा भाषात्वअन्तर्गतका उपसर्ग, लिङ्ग, वचन, काल र पक्षका प्रश्नहरू छन् । यसरी यस प्रश्नलाई कुन अभ्यासमा गणनागर्ने भन्ने भएकाले भाषात□वअन्तर्गतका अभ्यासलाई छुट्याएर गणना गर्न मिल्दैन । भाषात□वअन्तर्गत पुरुष, आदर, निपात; भाव र धातु; सकर्मक, अकर्मक, संयोजनक, धातु, प्रत्यय र विशेषण; धातु, काल, वचन र क्रियापद; निपात, उपसर्ग, वचन; काल र लिङ्ग; भूत, भविष्यत एकवचन र सन्धि; धातु, काल, लिङ्ग र वचनको प्रयोग; धातु काल र वचन; क्रियामूल, क्रिया र धातु; वाक्यसंश्लेषण, वाक्य परिवर्तन, प्रत्यय, अर्धविराम र पद, वाक्य; सर्वनाम वा अव्यय, निपात, वाच्य परिवर्तन र टुक्का; सर्वनाम, बहुवचन र लघुवाची, सरल, मिश्र र संयुक्त; सर्वनाम, वहुवचन र लघुवाची, सरल मिश्र र संयुक्त; वचन र विभक्ति आदि मिसाएर नमुना अभ्यासहरू दिइएको छ । भाषात□वका नियमलाई अभ्यासमा दिइएको छैन । छन्दसम्बन्धी नियम लेखी मालिनी, मन्दाक्रान्ता छन्दका बारेमा ज्ञान दिनका लागि नियम र अभ्यासहरू पनि दिइएका छन् । सिर्जनात्मक अभ्यास नदिइएकाले भाषिक सीपको विकास त्यति हुन सकेको देखिँदैन ।

### ३.१.१.४ भाषिक संरचना

कुनै पनि पाठ्यपुस्तकमा प्रयोग भएका शब्द, वाक्य र अनुच्छेद के कस्ता छन्, कतिसम्म शब्द प्रयोग भएका छन्, के-कस्तो भाषा प्रयोग भएको छ, ती कुराहरूको अध्ययन गर्नुलाई नै भाषिक संरचना भनिन्छ । वाक्य गठनमा शब्दहरूको प्रयोग भएको छ । ती अध्ययन गर्नुलाई नै भाषिक संरचना भनिन्छ । वाक्य गठनमा शब्दहरूको प्रयोग, वाक्यमा प्रयुक्त शब्द सङ्ख्या आदिलाई हेर्न सकिन्छ ।

कक्षा १० को महेन्द्रमाला (२०३०) मा राखिएका वाक्यमा सबैभन्दा ठूलो वाक्य 'मेरी सानी भतिजी प्रतिमा' पाठको दोस्रो अनुच्छेद **ती झ्यालका ऐन भित्र सल्बलाउने छायाचित्रतिर मेरो ध्यान विशेषरूपले किन आकर्षित हुन गयो, यसको खास कारणको त मलाई बोध हुन सकेको थिएन, तर पनि त्यस ध्यानचित्रद्वारा प्रदर्शित हुने एउटा नाटकीय दृश्य र खास गरेर त्यस दृश्यमा अभिनेत्रीको ठाउँमा देखिने एउटी पाँच सात वर्षकी केटीको छाया नै यसको मूल कारण थियो कि भन्ने मैले अनुमान गरेको छु ।** यो वाक्य ५६ शब्दले बनेको छ । यस पाठ्यपुस्तकमा भएका वाक्यहरूमध्ये सबैभन्दा लामो वाक्य हो । त्यसैगरी सबैभन्दा सानो वाक्य र अनुच्छेद, 'पर्खालभित्र' एकाङ्कीको ६८ औं अनुच्छेद **पासपोर्ट** हो । माध्यमिक तहका लागि १०-१२ शब्दको वाक्य हुनुपर्छ भने तापनि यस पाठ्यपुस्तकमा १-५६ शब्दसम्मले बनेका वाक्यहरू छन् । यस पाठ्यपुस्तकमा सरल वाक्यका तुलनामा संयुक्त र मिश्रवाक्य बढी प्रयोग भएका छन् । सबैभन्दा बढी शब्द र वाक्य प्रयोग अनुच्छेद खै खै निबन्धको ११ औं अनुच्छेद हो । जसमा ३९ वाक्य र ३३३ शब्दहरू छन् । सबैभन्दा सानो पाठ 'महीन्द्र मल्ल' हो जसमा ५३६ शब्द, ४५ वाक्य र ७ अनुच्छेद छन् । त्यसैगरी सबैभन्दा ठूलो पाठ "मेरी सानी भतिजी प्रतिमा" हो जसमा २८१३ शब्द, २७१ वाक्य ४५ अनुच्छेद छन् । यसरी पाठहरूको तुलना गर्दा एकरूपता छैन । यस पाठ्यपुस्तकले शिक्षाशास्त्रीय नियमलाई अँगाल्न सकेको देखिँदैन ।

### ३.१.२ कक्षा १० को नेपाली (२०६०)

### ३.१.२.१ विषयवस्तु

यस पाठ्यपुस्तकका जम्मा १५ वटा पाठहरू राखिएका छन् । जसमा २ वटा कविता, ३ वटा कथा, ३ वटा निबन्ध/प्रबन्ध, ४ जीवनी, २ रूपक र १ चिठी राखिएका छन् ।

कवितामा नीतिप्रधान र इतिहास प्रधान; रूपकमा मनोवाद र वादविवाद; जीवनीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय; निबन्धमा वैज्ञानिक कलाकौशल र सामाजिक क्षेत्र; कथामा पौराणिक र आधुनिक र चिठीमा व्यापारी आदि क्षेत्रका विषयवस्तु लिइएको पाइन्छ ।

### ३.१.२.२ विधा तथा प्रस्तुति

कक्षा १० को नेपाली किताबमा कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी र चिठी गरी जम्मा १५ वटा पाठहरू राखिएका छन् । जसलाई तलको तालिकामा देखाइएको छ-

**तालिका नं. ३**

**विधागत पाठहरू क्षेत्र र सङ्ख्या**

| क्र.सं. | विधा | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| १. | निबन्ध | १. यन्त्रमानव (प्रबन्ध)<br>२. मिथिला चित्रकला (प्रबन्ध)<br>३. जयभोलि (निबन्ध) | वैज्ञानिक<br>कलाकौशल<br>सामाजिक | ३ |
| २. | कथा | १. न्यायको पक्षमा<br>२. भविष्य निर्माण<br>३. दोषी चस्मा | पौराणिक<br>आधुनिक<br>आधुनिक | ३ |
| ३. | जीवनी | १. जयपृथ्वीबहादुर सिंह<br>२. चार्ल्स डार्बिन<br>३. इमानसिंह चेमजोङ<br>४. नेल्सन मन्डेला | राष्ट्रिय<br>अन्तर्राष्ट्रिय<br>राष्ट्रिय<br>अन्तर्राष्ट्रिय | ४ |
| ४. | चिठी | १. व्यापारिक चिठी | व्यापारी | १ |
| ५. | रूपक | १. काम खोज्दै जाँदा | | |

| | | | | |
|---|---|---|---|---|
| | | २. भाग्यभन्दा परिश्रम ठूलो | | |
| ६. | कविता | १. देह र आत्मा<br>२. सहिदहरूको सम्झनामा | नीतिप्रधान<br>इतिहासप्रधान | |
| ७. | दैनिकी | × | × | × |

यस पाठ्यपुस्तकमा जम्मा १५ वटा पाठहरू राखिएका छन् । जसमा ६ वटा विधा विभाजन गरिएको छ । जसमा ३ वटा निबन्ध/प्रबन्ध, ३ वटा कथा, ४ वटा जीवनी, १ वटा चिठी २ वटा रूपक र २ वटा कविता छन् । दैनिकीलाई पाठ्यक्रममा विधा छुट्याएर राखेतापनि सङ्ख्या र क्षेत्र तोकिएको छैन । हुन त यो पाठ्यक्रम माध्यमिक तह (कक्षा ९ र १०) को लागि तयार पारिएको हो । प्रबन्ध/निबन्धमा पनि मिथिला चित्रकला र यन्त्रमानव प्रबन्ध हुन् भने जयभोलि निबन्ध हो । यसमा मिथिला चित्रकला साँस्कृतिक र ऐतिहासिक, यन्त्रमानव वैज्ञानिक र जयभोलि सामाजिक क्षेत्रका हुन् । कथाहरू पौराणिक र आधुनिक छन् भने जीवनीमा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रबाट लिइए तापनि आविष्कारक, विचारक राजनैतिक र साहित्यिक क्षेत्रबाट लिइएको हो । तीन किसिमका चिठीमध्ये एउटा मात्र व्यापारिक चिठी छ । रूपकअन्तर्गत मनोवाद र सम्वाद मात्र राखिएका छन् । कविता नीतिप्रधान र ऐतिहासिक छन् । यी कविता शार्दूलविक्रिडित र शिखरिणी छन्दमा लेखिएका छन् । गद्यपाठहरूको प्रत्येक पाठमा अनुच्छेदलाई क्रमशः अनुच्छेद नम्बर राखिएको छ, साथै पाठको प्रत्येक पृष्ठमा कठिन शब्दहरू र अर्थ पनि दिइएका छन् । कठिन शब्दलाई पाठमा नै बोल्ड गरिएको छ । पाठको सुरुमा पाठसङ्ख्या, विधा र शीर्षक दिइएको छ । कतिपय विधाहरू पाठ्यक्रमले कक्षा १० को नेपालीमा राखिएको पाइँदैन । पाठ्यक्रमले तोकिएका विधा र क्षेत्र कक्षा ९ र १० दुवैका लागि हो । त्यसैले कक्षा १० मा नराखी कक्षा ९ मा राखिएको पनि पाइन्छ ।

### ३.१.२.३ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकमा जे-जस्ता पाठ्यपुस्तहरूको संयोजन र सङ्गठन गरिएको छ, सबै अभ्यासात्मक कार्याकलापले सर्वाधिक उच्च भूमिका राखेका छन् । भाषा

पाठ्यपुस्तकको उद्देश्यअनुसार नमुना अभ्यासहरू राखिएका छन् । प्रत्येक पाठका अन्त्यमा एक वाक्यमा उत्तर आउने, अति सङ्क्षिप्त उत्तर दिने, प्रश्न र विवेचनात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भावस्पष्ट पार, उच्चारण, अर्थ, वाक्यमा प्रयोग साथै पाठको सार लेख्ने, सिर्जनात्मक अभ्यास सस्वरवाचन, स्वतन्त्र रचना (पाठसँग सम्बन्धित श्रुतिलेखन बुँदाटिपोट) का अभ्यासहरू दिइएका छन् । भाषात□व ( व्याकरण) अन्तर्गत नाम, कारक र विभक्ति; पदयोग र पदवियोग; विस्मयादिबोधक; क्रियापद

(काल र पक्ष); सरल र तिर्यक कारक; वाक्य परिवर्तन; काल, लिङ्ग, करण र अकरण; निपात; वर्णविन्यास; क्रियायोगी; सामान्य धातु र प्रेरणार्थक धातु आदि अभ्यास दिइएका छन् । त्यसैगरी शब्दभण्डारअन्तर्गत विपरीतार्थ, पर्यायवाची, अनेकार्थक, सङ्क्षिप्त, लघुतावाची, उखान आदि छन् ।

कक्षा १० को नेपालमा भएका नमुना अभ्यासलाई निम्नानुसार देखाउन सकिन्छ-

**तालिका नं ४**

**विधागत पाठहरू क्षेत्र र सङ्ख्या**

| क.सं. | नमुना अभ्यासका प्रकार | जम्मा नमुना अभ्यास सङ्ख्या |
|---|---|---|
| १. | मौखिक उत्तर | ११ अभ्यास |
| २. | अति सङ्क्षिप्त उत्तर | ८ ” |
| ३. | सङ्क्षिप्त उत्तर | ११ ” |
| ४. | विवेचनात्मक | ११ ” |
| ५. | सप्रसङ्ग व्याख्या | १० ” |
| ६. | व्याख्या | ६ ” |
| ७. | वाक्यमा प्रयोग | १५ ” |
| ८. | सस्वर वाचन | ७ ” |
| ९. | उच्चारण | १२ ” |
| १०. | शब्दको अर्थ | ११ ” |
| ११. | सिर्जनात्मक अभ्यास | १२ ” |

| | | |
|---|---|---|
| १२. | स्वतन्त्र रचना (पाठसँग सम्बन्धित) | ६ ” |
| १३. | शुद्ध लेख्ने | २ ” |
| १४. | बुँदा टिपोट | ३ ” |
| १५. | श्रुतिलेखन | १ ” |
| १६. | भाषात□व | १७ ” |
| १७. | शब्दभण्डार | ६ ” |

कक्षा १० को नेपालीमा दिइएका पाठको प्रकृतिअनुसार दिइएको छ । प्रत्येक पाठका अन्त्यमा दिइएका नमुनाअभ्यासमा एकरूपता नै देखिन्छ । मौखिक उत्तर देउ जस्तो अभ्यासले विद्यार्थीको बोध पक्षको विकास गर्नमा सहयोग पुऱ्याउँछ । एक वाक्य र छोटो उत्तर आउने प्रश्नलाई यहाँ अति सङ्क्षिप्त प्रश्नमा समावेश गरिएको छ । सङ्क्षिप्त र विवेचनात्मक प्रश्ले विद्यार्थीलाई विषयवस्तुसम्बन्धी उत्तर दिन र पाठअन्तर्गत अभ्यास खण्डमा रहेका प्रश्नहरूको उत्तर दिन सहयोग गर्दछन् ।

सप्रसङ्ग व्याख्या, व्याख्या, सस्वर वाचन, शुद्ध उच्चारण शब्दार्थ जस्ता अभ्यासले विद्यार्थीको सुनाइ, पढाइ सीपको विकास गराउन सहयोग पुऱ्याउँछन् । सिर्जनात्मक अभ्यास र स्वतन्त्र रचना (पाठसँग सम्बन्धित) अभ्यासले विद्यार्थीको सिर्जनात्मक पक्षको विकास गराउँछन् । शब्दभण्डारअन्तर्गत सङ्क्षिप्त शब्द, लघुतावाची शब्द, उखान, अनेकार्थी, विपरीतार्थी, पर्यायवाची शब्दहरू रहेका छन् । भाषात□वमा नाम, क्रिया, क्रियापद, वाक्य परिवर्तन कारक विभक्ति, पदवर्ग, पदयोग, विस्मयादिबोधक, धातु (सामान्य नाम प्रेरणार्थ), सरल र संयुक्त क्रिया, करण र अकरण, निपात आदि पर्दछन् । विशेष ज्ञानका लागि थप सामग्री पनि दिइएको छ, जसले पाठ्यपुस्तकलाई साधनका रूपमा मात्र अध्ययन गर्ने विद्यार्थीहरूका लागि थप सामग्री हुन जान्छ । यसले विद्यार्थीहरूलाई सम्बन्धित विषयवस्तुमा पोख्त बन्न सहयोग पुऱ्याउँछ ।

**३.१.२.४ भाषिक संरचना**

भाषिक संरचना भन्नाले शब्दभण्डार, शब्दरचना, वाक्य रचना, अनुच्छेद गठन आदि कुरा पर्दछन् । कक्षा १० को नेपालीमा सबैभन्दा सानो वाक्य 'भविष्य निर्माण' कथाको सातौँ अनुच्छेद **जर्मनहरूले** भन्ने हो भने सबैभन्दा ठूलो वाक्य 'नेल्सन मन्डेला' जीवनीको सातौँ अनुच्छेदको नवौँ वाक्य **रङ्‌भेदी श्वेत सरकारले अश्वेतहरूलाई चिढ्याएर आफ्नो सरकार लामो समयसम्म टिक्न नसक्ने महशुस गरी सरकारलाई टिकाउने उद्देश्यले भए पनि कलाहरूमाथि गरिएको दमनलाई कम गरी उनीहरूलाई केही सुविधाहरू पनि दिन थाल्यो, तर मन्डेलाको रिहाइको माग भने चारैतिरबाट आउन रोकिएन ।** यस वाक्यमा ३७ शब्दहरू छन् । यस पुस्तकमा भएको सबैभन्दा सानो अनुच्छेद 'भविष्य निर्माण' कथाको सातौँ अनुच्छेद सबैभन्दा ठूलो अनुच्छेद "नेल्सन मन्डेला" जीवनीको पाँचौ अनुच्छेद हो । यसमा ४२६ शब्द र ३० वाक्य छन् । यस पुस्तकमा प्रयोग भएका वाक्यहरू १ देखि ३७ शब्दले बनेका छन् । अनुच्छेदहरू १ शब्द र एक वाक्यदेखि ४२३ शब्द र ३० वाक्यसम्मले बनेका छन् । यस पाठ्यपुस्तकमा भएको सबैभन्दा ठूलो पाठ 'नेल्सन मन्डेला' हो । जसमा १७५१ शब्द, १५० वाक्य र ११ अनुच्छेद छन् । त्यस्तै सबैभन्दा सानो पाठ 'भविष्य निर्माण' कथा हो ६८२ शब्द, ७७ वाक्य र २१ अनुच्छेद छन् । यस पाठ्यपुस्तकमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग भएको पाइन्छ । माध्यमिक तहका लागि वाक्य निर्माणमा १०-१२ शब्दले बनेको हुनुपर्छ भनिए तापनि नियम अँगाल्न सकेको देखिँदैन ।

## ३.२ भाषा पाठ्यपुस्तकको बाह्य वा भौतिक आधारमा अध्ययन विश्लेषण

### ३.२.१ कक्षा १० को महेन्द्रमाला (२०३०)

यस पुस्तकको आवरण पृष्ठ सेतो कागजमा नीलो मसिले लेखिएको छ । अगाडिको पृष्ठमा सबैभन्दा माथि बाँयातिर राजा महेन्द्रको २.१ × १.६ साइजको फोटो राखिएको छ । बीचमा नीलो मसिले महेन्द्रमाला लेखिएको छ । तल किनारामा नीलो मसिले हिमालको चित्र बनाइएको छ । हिमालभन्दा माथि कक्षा १० लेखिएको छ । पछाडि आवरण पृष्ठमा राष्ट्रिय गीत लेखिएको छ । तल महेन्द्रमाला र जनक शिक्षा सामग्री केन्द्रको लोगो राखिएको छ । आकारका दृष्टिले यसको लम्बाइ २० से.मी. र चौडाइ १५.५ से.मी. रहेको छ । जसमा २२३ पृष्ठ रहेका छन् । छपाइमा दृष्टिले

पुस्तक समयानुकूल राम्रो देखिन्छ । मसि वितरण सबै ठाउँमा समान देखिन्छ । भित्र कालो मसिको प्रयोग भएको र दुवै ठाउँमा स्टेप्लर पिन लगाई बाहिरबाट आवरण पृष्ठले छापिएको छ । किताबको आकार बाक्लो पिन लगाएको देखिन्छ । उक्त पाठ्यपुस्तक सिलाएको भए अझ बलियो हुने थियो । यस पुस्तकमा मूल्य कतै राखिएको देखिँदैन । विधागत पाठहरू सुरु हुनुभन्दा अगाडि पाठ विधा पृष्ठसङ्ख्या दिई विषयसूची र पाठ शीर्षक राखिएको छ ।

### ३.२.२. कक्षा १० को नेपाली (२०६०)

कक्षा १० को नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठको माथिल्लो किनारा नीलो रङको छ । आवरण पृष्ठमा तीन भाग हरियो हल्का हरियो रङको छ । तल्लो भागमा नीलो रङको हिमाल त्यही हिमाल भित्र पशुपतिनाथको मन्दिरको तस्वीर राखिएको छ । बीचको भागमा प्रतिछायामा तीन पटक छुट्टा छुट्टै मसिले नेपाली लेखिएको छ । पाठ्यपुस्तकको पछाडिको आवरण पृष्ठका चारै किनारामा हरियो रङका बुट्टाहरू छन् । कक्षागत गीत सेतो कागजमा नीलो रङको मसिले लेखिएको छ । कक्षागत गीतको बाँयापट्टिको किनारमा पाठ्यक्रम विकास केन्द्रको लोगो र मुद्रण लेखिएको छ । आकारलाई दृष्टिगोचर गर्दा पाठ्यपुस्तकको लम्बाइ २४.३ से.मी र चौडाइ १७.५ से.मी. रहेको छ । मोटाइ ०.८ से.मी. रहेको छ । जसमा जम्मा १३७ पृष्ठ रहेका छन् । भित्र सेतो कागजमा कालो मसिले लेखिएको छ । दुवै ठाउँमा स्टेप्लर पिन लगाई बाहिरबाट आवरण पृष्ठले छोपिएको छ । आवरण पृष्ठमा ल्यामिनेसन गरिएको छैन । जसले गर्दा च्यातिने र पानीले भिज्ने हुनसक्छ । यस पाठ्यपुस्तकको मूल्य रु ३८/५० रहेको छ । विधागत पाठहरू सुरु हुनु भन्दा अगाडि नै पाठ, विधा, पृष्ठसङ्ख्या दिई विषयसूची राखिएको छ ।

## ३.३ सारांश

महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) का विषयवस्तु विद्यार्थीको क्षमता र स्तरअनुकुल क्षेत्रबाट लिइएको पाइन्छ । विधागत विविधता साथै विद्यार्थीको सिर्जनशील क्षमतालाई विकास गर्ने खालको देखिए तापनि महेन्द्रमालामा ४२ वटा पाठ नेपालीमा

१५ वटा पाठ देखिन्छन् । दुवै पाठ्यपुस्तकका नमुना अभ्यासहरू पाठअनुरूप भएका छन् भने तापनि नमुना अभ्यासमा एकरूपता देखिदैन । भाषिक संरचनामा १०/१२ शब्दले बनेका वाक्य हुनुपर्छ भन्ने मान्यता रहेको भए तापनि १-५६ वटा शब्द र १-३९ शब्दले बनेका वाक्यहरू पाइन्छन् ।

# अध्याय-चार

# पाठ्यक्रमअनुरूपताका दृष्टिले महेन्द्रमाला र नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

## ४.१ विषय प्रवेश

कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका विधा, क्षेत्र र उद्देश्यलाई पूर्ति गर्ने गरी पाठ्यपुस्तकमा पाठहरू समावेश गरिन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूले पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न सक्छन् भनेर अध्ययन गर्नु आवश्यक ठानिन्छ । पाठ्यक्रम एउटा लक्ष्यसम्म पुग्ने गोरेटो हो भने पाठ्यपुस्तक लक्ष्यपूर्ति गर्ने सामग्री हो । तसर्थ कुनै तहमा पाठ्यक्रमअनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा राखिएका विधा, क्षेत्र, क्रम, पाठ्यक्रम अनुरूपताको अध्ययन हो । भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा पाठ्यक्रमअनुरूपताको स्थितिलाई केलाउनु पर्ने हुन्छ । पाठ्यक्रमअनुसार पाठ्यपुस्तकमा पाठहरू राखेर मात्र विद्यार्थीहरूलाई निश्चित मार्गदर्शन गर्न सकिन्छ । देशको राष्ट्रिय आवश्यकताअनुरूप पाठ्यक्रम निर्धारण गरिन्छ भने पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्धारण गरिन्छ ।

यस परिच्छेदमा पाठ्यक्रमअनुरूपताको स्थिति भनेर मा.वि. तहको कक्षा १० को महेन्द्रमाला (२०३०) र कक्षा १० कै नेपाली (२०६०) पुस्तकमा समाविष्ट विधा, क्षेत्र, क्रम र पाठहरू छन्, छैनन् भनी हेर्ने जमर्को गरिएको छ । पाठ्यक्रमको लक्ष्य एकातिर र पाठ्यपुस्तकको निर्माण अर्कोतिर भएमा राष्ट्रकै लगानी डुब्ने हुनाले उद्देश्यअनुसार साधनको निर्माण गर्नु आवश्यक ठानिन्छ । यसरी हेर्नका लागि निम्न आधारहरू लिइएको छ ।

## ४.२ कक्षा १० को नेपाली पाठ्यक्रम (२०२८) र महेन्द्रमाला (२०३०)

### ४.२.१ उद्देश्य र पाठहरू

भाषा पाठ्यक्रममा भाषिक सीप विकासको लक्ष्य राखिएको हुन्छ । सोही लक्ष्यअनुसार सीप विकास गर्न भाषा पाठ्यपुस्तकमा विभिन्न प्रकृतिमा विधाहरू तथा प्रत्येक विधाअन्तर्गतका भाषिक अभ्यासहरू जस्तै - शब्दभण्डार, प्रश्नोत्तर (मौखिक र

लिखित अभिव्यक्ति क्षमता), वाक्य निर्माण, शुद्ध उच्चारण, व्याख्या, सप्रसङ्ग व्याख्या भावस्पष्ट र भाषात□वको विभिन्न अभ्यासहरू राखिएका हुन्छन् । कक्षा १०को महेन्द्रमाला भाषा पाठ्यक्रमअनुरूपका उद्देश्य पूर्ति गर्ने खालका अभ्यास र पाठहरू यस पाठ्यपुसतकमा राखिएका छन् वा छैनन् भनी हेर्ने जमर्को गरिएको छ -

**भाषिक सीप**

भाषाको विकास गर्नका लागि भाषाका चारै सीपको विकास हुनुपर्ने हुन्छ । त्यसैले यहाँ पाठ्यक्रम २०२८ ले भाषाका चारै सपिमा के कस्ता उद्देश्य राखेको र सोही उद्देश्यहरू पूरा गर्न के कस्ता पाठहरू राखेको छ भनी हेरिएको छ -

**(क) सुनाइ**

माध्यमिक तहको पाठ्यक्रम २०२८ ले सुनाइका ८ ओटा विशेष उद्देश्यहरू राखेको छ । सुनाइसीप विकास गर्न कथा, निबन्ध, जीवनीलगायत विधाको छनोट गरिएको छ । ती विधाले उच्चरित ध्वनिलाई ध्यानपूर्वक पहिल्याउन सक्नेगरी सुन्ने, कथा, निबन्ध, जीवनी, रूपक (नाटक) कविता आदि साहित्यिक कला कृतिहरूको पाठ आनन्द लिने गरी सुन्ने, बोली प्रवाह बुझी-बुझी सुन्ने; उत्तर दिनुपर्छ भनी ध्यानपूर्वक सुन्ने; सार कुराहरू मनमा राख्ने गरी सुन्ने; मौखिक कथनलाई अक्षर राम्ररी बुझ्नका निम्ति चेष्टा, अभिनय र भावाभिव्यक्ति प्रणाली नक्सा तालिका, चित्र, चलचित्र जस्ता दृश्य सामग्रीहरूको उपयोग गर्न सम्पादक, समूह छलफल, वादविवाद, व्याख्यान आदि वक्तृताका गतिविधिहरू ध्यानपूर्वक सुनी मौकाअनुसार योगदान दिने; सूक्ष्म विवेकका साथ रेडियो तथा अन्य सार्वजनिक प्रसारणका माध्यमबाट हुने टीकाटिप्पणी सुन्न आदि सुनाइ सीपका उद्देश्यलाई पूरा गर्न सक्छन् । ती उद्देश्य पूरा गर्न कथा विधामा रानीपोखरी, जुत्ता खाने बुहारी, युधिष्ठिसरको मन, मेरी सानी भतिजी प्रतिमा, साधुचोर, अठोट, मेरो सानू साथी, क्षमादान, उत्तिस र लालीगुराँस आदि पाठहरू राखिएको छ । निबन्ध विधामा आलु, भलाद्मी, एक घण्टा बिताउन, शिकार, पहाडी जीवन र खै खै पाठहरू राखिएका छन् । जीवनी विधामा कवि शिरोमणी, भोल्टेयर, जयपृथ्वीबहादुर

सिंह, महर्षि वेदव्यास, लियो टाल्स्टाय, महीन्द्रमल्ल, मार्कोनी जस्ता पाठहरू राखिएका छन् ।

यसरी विद्यार्थीहरूको सुनाइ सीप विकास गर्नका लागि उल्लेखित विधा तथा उपविधाहरू पाठ्यक्रमले तोकेबमोजिम नै चयन गरिएकाले शिक्षण-सिकाइ गर्दा कक्षा कार्यकलापमा रुचिपूर्वक सुन्ने, बुझ्नेगरी सुन्ने जस्ता क्रियाकलाप गराउनु पर्ने देखिन्छ । कक्षा क्रियाकलापबाहेक अभ्यास खण्डमा सुनाइ सीप विकास गर्ने गरी कुनैपनि अभ्यासहरूको तर्जुमा गरेको देखिँदैन ।

**(ख) बोलाइ**

माध्यमिक तहको पाठ्यक्रम २०२८ ले बोलाइ सीपका ९ ओटा उद्देश्यहरू राखेको छ । विशेषतः बोलाइ सीपको विकासका लागि रूपक विधा नै छनोट गरिएको छ । रूपक विधाअन्तर्गतका सम्पूर्ण उपविधाहरूले बोलाइ सीपको विकास गराउँछन् । ती उपविधाहरूले सुहाउँदो गति र लयका साथ नेपाली भाषा शुद्धसँग उच्चारण गर्न र बोल्न; शब्दभण्डार बढाउन, चल्तीका लोकोक्ति समावेश गरी विचार व्यक्त गर्न; आफूले दिने निर्देशन, व्याख्या, बयान, प्रतिवेदन आदिमा परिस्थितिअनुकूल भावानुसार सुहाउँदा शब्द छानी प्रयोग गर्न; तर्कसङ्गत र रचनात्मक ढङ्गले विचार प्रस्तुत गर्न, रचनापाठ अभिनय व्याख्यान आदिमा अभिव्यक्ति गर्ने क्षमता देखाउन; सभा तथा अन्य सामूहिक कार्यको सञ्चालन गर्न; उही कुरा दोहोऱ्याउँदा पनि प्रभावकारी बनाउन; वक्ताहरूको वक्तृत्वकला टिपेर पनि आफ्नो ढङ्गबाट प्रयोग गर्न जस्ता उद्देश्यहरू पूरा गर्ने छन् । ती उद्देश्य पूरा गर्न रूपक विधाअन्तर्गत यश, ऐश्वर्य र उपभोग (विवाद), सम्वादै सम्वाद (सम्वाद), फुर्सदको उपयोग (सम्वाद), ठूलो मान्छे (विवाद), साथी पर्खुञ्जेल (मनोवाद), शहशिक्षा : आजको माग (विवाद), चुरोट छोड्ने अठोट (सम्वाद), पर्खालभित्र (एकाङ्की) आदि उपविधा वा पाठहरू राखिएका छन् ।

पाठ्यक्रमले राखेका पढाइ सीपका उद्देश्य पूरा गर्नका लागि रूपक विधाअन्तर्गत ८ ओटा उपविधाहरू राखिएका छन् । बोलाइ सीपको विकास गर्नका

लागि सम्बन्धित पाठमा क्रियाकलाप गराउँदा विद्यार्थीहरूका बोलाई सीपको विकास हुने गरी गराउनु पर्ने देखिन्छ । सम्बन्धित पाठका अभ्यासमा भने विद्यार्थीको बोलाइ सीपको विकास हुने खालका मौखिक अभ्यासहरू (छलफल गर, वाचन गर, शुद्ध उच्चारण गर, सम्वाद गर, भनाइ राख आदि) छुट्टै राखिएको पाइँदैन । यी विधाहरूको अध्ययनबाट विद्यार्थीहरूको बोलाइ सीपमा निखारता ल्याउने, निर्धक्कसँग हाउभाउसहित बोल्न सक्ने बानीको विकास गर्ने खालका अभ्यासहरूको अभाव रूपक विधा तथा अन्य पाठहरू समेत खस्किएको देखिन्छ ।

**(ग) पढाइ (वाचन)**

माध्यमिक शिक्षा पाठ्यक्रम २०२८ ले पढाइ सीपमा ९ ओटा उद्देश्यहरू राखेको छ । मुख्यतः पढाइ सीपका उद्देश्य पूरा गर्नका लागि निबन्ध/प्रबन्ध, जीवनी, कविता, कथाहरू पर्दछन् । पाठ्यक्रमले पढाइमा गतिशीलता आउनेगरी सस्वर एवं मौन वाचन गर्न; शब्दार्थको अध्ययन कौशल बढाउन; बुझ्ने र अर्थ लगाउने; क्षमताको विकास गर्न; पढेका कुराको दृढताका साथ ठीक अर्थ लगाउन विभिन्न उद्देश्यले पढ्न; विभिन्न विषयको जानकारीमा लागि पढ्न; विभिन्न उद्देश्यलाई सुहाउँदा गतिले पढ्न; लिखित भाषामा प्रयोग गरिने विराम चिन्ह आदिका प्रचलित नियमहरू बुझ्न तथा अभिरुचिका साथ साहित्यको गुण ग्रहण गर्न जस्ता उद्देश्यहरू राखिएका छन् । यी यस्ता उद्देश्यहरू पूरा गर्नका लागि निबन्ध विधामा आलु, भलाद्मी, एक घण्टा बिताउन, शिकार, पहाडी जीवन, खै खै; जीवनी विधामा कवि शिरोमणी, भोल्टेयर, जयपृथ्वीबहादुर सिंह, लियो टाल्स्टाय, महीन्द्र मल्ल, मार्कोनी, महर्षि बेदव्यास; कविता विधा (पद्य विधा) मा देशको माटो, सत्य सन्देशको अंश, शारदी शोभा, धर्तीमाता, सम्वाद, शहीदको सम्झना, छोरी घर पढाउँदा र कथा विधामा रानीपोखरी, जुत्ता खाने बुहारी, युधिष्ठिरको मन, मेरी सानी भतिजी प्रतिमा, साधुचोर, अठोट, मेरो सानू साथी, क्षमादान उत्तिस र लालीगुराँस आदि पाठहरू राखिएका छन् । सम्बन्धित पाठहरूका माध्यमबाट विद्यार्थीहरूलाई पढाइ सीप विकास गर्नका लागि आवश्यक पर्ने

अभ्यासहरूको छुट्टै व्यवस्था नगरिएकाले विद्यार्थीहरू पाठमै निर्भर रहनुपर्ने देखिन्छ । अभ्यासमा उत्तर दिँदा सम्बन्धित पाठका आधारमा भनेर कोष्ठकमा सङ्केत गरिएबाट उत्तर दिनु अगाडि विद्यार्थीहरूले एकचोटि पाठ पढ्न प्रोत्साहन गरेको भए पनि पाठ गति, यति मिलाई शुद्धसँग वाचन गर्ने र पढाइ सीप विकास गर्न, वाचनसम्बन्धी छुट्टै अभ्यास राखी विद्यार्थीलाई त्यसतर्फ अभ्यस्त बनाउन खोजिएको देखिँदैन ।

**(घ) लेखाइ (लेखन)**

माध्यमिक शिक्षा पाठ्यक्रम २०२८ ले नेपाली भाषाका चार सीपमध्ये लेखाइ सीपलाई विशेष मह□व दिँदै यसका आठवटा उद्देश्यहरू राखेको छ । एकाङ्कीबाहेक अन्य विधाहरूले कविता, कथा, निबन्ध, जीवनी, चिठी, दैनिकी र रूपक विधाले लेखाइ सीपको विकास गर्दछन् । पाठ्यक्रम २०२८ ले लेखाइमा सफा गरी लेख्न र लेखेको दोहोऱ्याई हेर्ने बानी बसाल्न; लेखनकलालाई मह□वपूर्ण बनाउन; विराम चिन्हको ठीक-ठीक ठाउँमा प्रयोग गर्न; व्याकरण अनुरूप पारिभाषिक शब्द र विभिन्न प्रकारका वाक्यको कार्य बुझ्न र ठीकसँग प्रयोग गर्न; मिल्दो किसिमसँग दफा छुट्याउन; हिज्जे नबिगारी लेख्न; मौखिक अभिव्यक्ति दिन; सिर्जनात्मक लेख लेख्ने जस्ता उद्देश्यहरू राखेको देखिन्छ । यी उद्देश्यहरूसँग पूरा गर्न विभिन्न विधाअनुसार पाठहरू राखिएका छन् । निबन्ध विधामा आलु, भलाद्मी, एक घण्टा बिताउन, शिकार, पहाडी जीवन, खै-खै; कथाविधामा रानीपोखरी, जुत्ता खाने बुहारी, युधिष्ठिरको मन, मेरी सानी भतिजी प्रतिमा, साधु चोर, अठोट, मेरो सानू साथी, क्षमा दान, उत्तिस र लालीगुराँस; जीवनी विधामा कवि शिरोमणी, भोल्टेयर, जयपृथ्वीबहादुर सिंह, लियो टाल्स्टाय, महीन्द्र मल्ल, मार्कोनी, महर्षि वेदव्यास; चिठी विधामा गण्डकी, लुम्बिनी नारायणी घुमेर वाग्मती, हाजिर जवाफ प्रतियोगिता, घिऊ पूरै स्वच्छ र सफा; रूपक विधाअन्तर्गतका एकाङ्कीबाहेक सबै उपविधामा यश, ऐश्वर्य र उपभोग (विवाद), सम्वादै सम्वाद (सम्वाद), साथी पर्खुञ्जेल (मनोवाद), शहशिक्षा : आजको माग (विवाद), चुरोट छोड्ने अठोट (सम्वाद); कविताविधामा देशको माटो, सत्य सन्देशको अंश, शारदी शोभा,

धर्तिमाता, सम्वाद, शहीदको सम्झना, छोरी घर पठाउँदा; दैनिकी विधाअन्तर्गत विधालयको साँस्कृतिक गतिविधि, एक विद्यार्थीको दैनिकी आदि पाठहरू राखिएका छन् ।

लेखाइ सीपलाई पूरा गर्नका लागि विधाअनुसार पाठहरू राखिएका छन् । पाठअनुसार नमुना अभ्यास पनि राखिएका छन् । विशेषगरी लेखन सीपको विकास गर्नका विवेचनात्मक प्रश्न, सप्रसङ्ग व्याख्या, व्याख्या, वाक्यमा प्रयोग गर्ने, अनुच्छेद लेखन, सारांश लेखन, शुद्ध गरी लेख्ने, सम्पूर्ण सिर्जनात्मक अभ्यासहरू साथै चिठी, निबन्ध, मनोवाद, सम्वाद लेखनले लेखाइ सीपलाई जोड दिइएका हुन्छन् । यस पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूले अन्य सीप परीक्षण भन्दा लेखाइ सीपलाई नै बढी जोड दिइएको देखिन्छ ।

### ४.२.२ विधाको क्षेत्र, क्रम र पाठहरू

पाठ्यक्रमले समग्रमा निर्दिष्ट गरेका पाठ्यक्षेत्रका उद्देश्य परिपूर्ति गर्नका लागि मूलतः ६ वटा विधा (कथा, प्रबन्ध, निबन्ध, रूपक, जीवन, कविता) भित्र ४२ वटा पाठहरूको क्षेत्र र क्रम निर्धारण गरेको छ । पाठ्यक्रमले विधाको क्रममा सुरुमा निबन्ध, कथा, जीवनी (राष्ट्रिय, अन्तर्राष्ट्रिय) चिठी, रूपक र पद्यको क्रममा राखेको छ भने पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, जीवनी, चिठी र रूपक गरी राखेको छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्रम, क्षेत्र र पाठ्यपुस्तकमा समाविष्ट विधाको क्रम र क्षेत्रलाई तलको तालिकाबाट देखाउन सकिन्छ-

## तालिका नं.-५

## पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्रम क्षेत्र र पाठ्यपुस्तक समाविष्ट

| पाठ्यक्रममा | | | | पाठ्यपुस्तकमा | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विधा | क्षेत्र | विधा सङ्ख्या | क्र.सं. | विधा | क्षेत्र | समाविष्ट विधासङ्ख्या |
| १. | निबन्ध | वस्तुपरक भावपरक | ६ | १. | कविता | सामाजिक, नैतिक वर्णानात्मक, सांस्कृतिक | ७ |
| २. | कथा | लोक, आधुनिक, पौराणिक, ऐतिहासिक | ८ | २. | कथा | ऐतिहासिक, लोक, आधुनिक, पौराणिक | ९ |
| ३. | जीवनी | राष्ट्रिय, अन्तर्राष्ट्रिय, साँस्कृतिक | ७ | ३. | निबन्ध | वस्तुपरक, भावपरक | ६ |
| ४. | चिठी | घरायसी कार्यालय व्यापारी | ३+२ □५ | ४. | रूपक | एकाङ्की, विवाद, मनोवाद, सम्वाद | ८ |
| ५. | रूपक | मनोवाद, सम्वाद, विवाद र एकाङ्की | ८ | ५. | जीवनी | राष्ट्रिय, अन्तर्राष्ट्रिय साँस्कृतिक | ७ |
| ६. | पद्य | ऐतिहास, नैतिक, साँस्कृतिक, सामाजिक, वर्णनात्मक | ८ | ६. | चिठी | घरायसी, कार्यालय व्यापारी | ३ |
| | | | | ७. | दैनिकी | कार्यालयीय, घरायसी | २ |

पाठ्यक्रमले निर्दिष्ट गरेका क्रम, विधा र क्षेत्रअनुसार कतिपय कुराहरू पाठ्यपुस्तकमा समावेश भएको देखिन्छ पाठ्यक्रममा राखिएको क्रममा निबन्ध, कथा, जीवन, चिठी, रूपक र पद्य (कविता) को रहेको छ भने पाठ्यपुस्तकमा पाठ्यक्रमको क्रमअनुसार नराखी वा क्रमभङ्ग गरी कविता, कथा, निबन्ध, रूपक, जीवनी, चिठी र दैनिकी गरी राखिएको पाइन्छ । पाठ्यक्रममा दैनिकीलाई चिठीभित्र समावेश गरेको पाइन्छ । कविता र कथा विधामा पाठ्यक्रमले ८/८ सङ्ख्या तोकेको छ तर

पाठ्यपुस्तकमा कविता र कथामा ८ र ९ ओटा समाविष्ट गरिएको छ । विधासङ्ख्या विधाहरूका क्रम नमिलेको हुँदा पाठ्यक्रमअनरूपता छ भनेर भन्न कठिन हुन्छ ।

## ४.३ माध्यमिक शिक्षा पाठ्यक्रम अनिवार्य नेपाली (कक्षा ९ र १०) २०५५ र नेपाली किताब (२०६०)

### ४.३.१ उद्देश्य र पाठहरू

शिक्षालाई जीवनोपयोगी गराई भाषिक व्यवहारमा सक्षम र सिर्जनशील जनशक्ति तयार गर्ने उद्देश्य राखी पाठ्यक्रम निर्माण गर्ने र आवश्यकताअनुसार त्यसको परिमार्जन गर्ने काम समयसमयमा भइरहेको पाइन्छ । यस कुरालाई जनआकाङ्क्षा तथा देशको परिवर्तित सन्दर्भहरूले फरक पारिरहेको हुन्छ । राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनले सिफारिस गरेअनुसार समयसापेक्ष तथा भाषिक सीपमा दक्षता हासिल गर्ने उद्देश्य राखी यो पाठ्यक्रम तयार भएको देखिन्छ । विद्यालय तहमा नेपाली भाषाशिक्षणलाई प्रभावकारी एवम् व्यवहारिक बनाइ भाषिक दक्षता अभिवृद्धि गर्नका साथै बोध र अभिव्यक्तिको विकास गर्नु रहेकाले सोका लागि भाषिक सीप विकास गर्ने उद्देश्यहरूलाई सीप ढाँचामा निर्धारण गरेको छ र सम्बन्धित सीप हासिल गर्नका लागि पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विभिन्न स्रोत र साधनहरूको उपयोग गरी अध्ययन-अध्यापन गराउन पाठ्यपुस्तकमा विधा, उपविधा र नमुना अभ्यासहरू चयन गरिएको देखिन्छ । यस पाठ्यक्रमले भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइअनुसारका छुट्टाछुट्टै उद्देश्यहरू तयार गरेकाले ती सीपअनुसारका आवश्यक विधा, उपविधा वा पाठ र अभ्यासहरू छन्, छैनन् भनी केलाउने प्रयास गरिएको छ -

#### (क) सुनाइ र बोलाइ

माध्यमिक तहको पाठ्यक्रम २०५५ ले सुनाइ र बोलाइ सीपका उद्देश्यहरूलाई एकै ठाउँमा समावेश गरेको छ । जसअन्तर्गत विभिन्न ध्वनिहरूको भिन्नता पहिल्याउन र उच्चारण गर्न; शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न; मौखिक अभिव्यक्तिहरूका क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अनिभय आदिको ख्याल गरी सुन्न र बुझ्न; आफूले

देखेसुनेका र पढेका वस्तु, वातावरणतथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न; साहित्यिक तथा अन्य मौखिक अभिव्यक्तिहरूमा आफ्नो विचार दिने गरी सुन्न; आफूले जानेका कुरा सुर, आघात, लय, चेष्टा र हाउभाउ मिलाई अभिव्यक्त गर्न; कुराकानी, प्रश्नोत्तर, छलफल, संवादमा सक्रिय रूपले भाग लिन आदि जस्ता ८ ओटा उद्देश्यहरू राखिएका छन् । सुनाइ र बोलाइ सीपको विकास गर्ने उद्देश्य परिपूर्ति गर्न पाठ्यपुस्तकमा रूपक, कथा, निबन्ध, जीवनीलगायतका विधाहरूलाई मह□वका साथ समावेश गरिएको छ । कक्षा कार्यकलापका सन्दर्भमा सुनाइ-बोलाइ सीपको अभ्यास हरेक जसो पाठमा हुने भए तापनि कथा, निबन्ध/प्रबन्ध, जीवनी, रूपक, कविता आदिबाट आनन्दलिने गरी सुन्न; संवाद, छलफल वादविवाद ध्यानपूर्वक सुन्ने र सोहीअनुरूप अभिव्यक्ति दिनु पर्ने हुँदा सुनाइ, बोलाइ सीपका लागि बढी उपयोगी हुने देखिन्छ । सोका लागि कथा विधाअन्तर्गत न्यायको पक्ष, भविष्यनिर्माण, दोषी चस्मा गरी तीन पाठहरू राखिएका छन् । रूपकअन्तर्गत काम खोज्दै जाँदा (मनोवाद), भाग्यभन्दा परिश्रम ठूलो (वादविवाद) राखिएका छन् । निबन्ध/प्रबन्ध विधाअन्तर्गत यन्त्रमानव, मिथिला चित्रकला, जयभोलिले सुनाइ र बोलाइ सीपलाई टेवा पुऱ्याएको देखिन्छ भने जीवनी विधाअन्तर्गत जयपृथ्वीबहादुर सिंह, चार्ल्स डार्बिन, इमानसिंह चेमजोङ र नेल्सन मन्डेला समाविष्ट छन् । यी विधाहरूको शिक्षणबाट विद्यार्थीहरूलाई सुनाइ र बोलाइ सीपको विकास गरी उद्देश्यपूर्तिमा मह□वपूर्ण भूमिका खेल्न जान्छन् । सीप हासिल गर्न प्रशस्त अभ्यासको समेत आवश्यकता पर्ने हुँदा पाठ्यपुस्तकमा विभिन्न सुनाइ-बोलाइका अभ्यासहरू समावेश गरेको देखिन्छ । जस्तै : अनुच्छेद सुनी तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस (पृ.नं. १२, २३, २४, ४१, ५८, ६८, ८८, ९५, १२५, १३३), छलफल गर्नुहोस (पृ.नं. २४, ४२, १२७), वादविवाद कार्यक्रम आयोजना गर्नुहोस् (पृ.नं. ८२), तर्क राख्नुहोस् (पृ.नं. ८२), सुनाउनुहोस् (८२), अर्थ भन्नुहोस् (पृ.नं. ८९, १३३), वाक्य भन्नुहोस् (पृ.नं. ९६), आशय भन्नुहोस् (पृ.नं. ११६), श्रुतिलेखन गर्नुहोस् (पृ.नं. ४१) आदि हुन् ।

**(ख) पढाइ**

यस पाठ्यक्रमा पढाइ सीपका उद्देश्यहरू भनी १० ओटा उद्देश्यहरू तोकिएका छन् । जसमा लिखित सामग्रीलाई गति, यति मिलाई, शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न, लिखित सामग्रीको मौनवाचन गरी पढाइको गति विकास गर्न, विभिन्न पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बुझ्ने गरी पढन, पाठमा व्यक्त गरिएका विषयवस्तुहरू अर्थ लगाउने गरी पढ्न; साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न; विभिन्न विषयको जानकारीका लागि  निबन्ध, कथा, कविता आदि आफूले विश्लेषण गर्न सक्ने गरी पढ्न; विशिष्ट अंशहरूको व्याख्या, भाव विस्तार एवम् विवेचना गर्नसक्ने गरी पढ्न; पठित शब्दहरूको उपयुक्त किसिमले प्रयोग गर्न तथा विभिन्न विषयहरू पढी उद्देश्यअनुसारका पठनकौशलहरूको विकास गर्न भनी राखिएका छन् । पाठ्यक्रमको उद्देश्य पूर्ति गर्नका लागि पाठ्यपुस्तकमा जीवनी, निबन्ध, कथा, कविता विधाहरू अघि सारिएको देखिन्छ । कक्षा १० को नेपाली कितावमा जीवनीअन्तर्गत जयपृथ्वीबहादर सिंह, चार्ल्स डार्बिन, इमानसिंह चेमजोङ, नेल्सन मन्डेला छन् भने निबन्ध/प्रबन्धमा यन्त्रमान, मिथिला चित्रकला र जयभोलि छन् । त्यसैगरी कथामा न्यायको पक्ष, भविष्य निर्माण र दोषी चस्मा छन् भने कवितामा देह र आत्मा तथा सहिदहरूको सम्झनामा रहेका छन् । पढाइ सीप विकास गर्नका लागि पाठका नमुना अभ्यासहरूमा लय हालेर वाचन गर्नुहोस् (पृ.नं. ४, १३३), शुद्धउच्चारण वा उच्चारण गर्नुहोस् (पृ.नं. ४, १२, २४, ३३, ४१, ५८, ६९, ८८, ८९, ९६, १०७, ११५, १३३), मौन वाचन गर्नुहोस् (४१), सस्वर वाचन गर्नुहोस् (पृ.नं. ४२, ५९, ८९, ९६, ११६, १२५) र अनुच्छेद पढी प्रश्नको उत्तर दिनुहोस् (पृ.नं. ९६ र १०७) आदि छन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू र उद्देश्यले अपेक्षा गरेको सीप हासिल गर्नका लागि पाठ्यपुस्तकमा समाविष्ट सम्पूर्ण पाठहरूमा मौन तथा सस्वरपठन आवश्यक र अनिवार्य नै रहने हुँदा प्रायः सबै पाठहरू पढाइ सीप विकासका क्रियाकलाप गराइन्छन् ।

**(ग) लेखाइ**

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली) ले लेखाइ सीपसम्बनधी जम्मा दश ओटा उद्देश्यहरू राखेको छ । यी उद्देश्यहरूमा हिज्जे मिलाई उपयुक्त

वाक्यगठन गरी लेख्न; सफा र स्पष्टसँग लेख्न; विभिन्न विषयहरूमा ससाना अनुच्छेद लेख्न; आफूले देखेका, सुनेका, पढेका विषयवस्तु तथा घटनाका विषयमा लिखित वर्णन गर्न; लिखित तथा मौखिक अभिव्यक्तिको सारांश लेख्न, विराम चिन्हहरूको उपयुक्त ढङ्गले प्रयोग गर्न; स्तरअनुसारका विषयवस्तुहरूमा सिलसिला मिलाएर अनुच्छेद छुट्याई निबन्ध आदि लेख्न; चिठी तथा निवेदन लेख्न, उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न; व्याकरणका आधारभूत नियम बुझी तिनको उपयुक्त प्रयोग गर्नजस्ता रहेका छन् । यी उद्देश्यहरू प्राप्त गरी विद्यार्थीहरूमा लेखाइसीप हासिल गराउनका लागि नेपाली पाठ्यपुस्तकमा कथा, निबन्ध, जीवनी, चिठी, रूपक, कविता र व्याकरणजस्ता विधा र तिनका सम्बन्धित पाठहरू समायोजना गरिएका छन् । पाठ्यपुस्तकमा समायोजन गरिएका प्रायः सबैजसो पाठहरू र तिनका अभ्यासहरूले लेखाइ सीपलाई बढी जोड दिएका छन् । भाषात□व (व्याकरण) खण्डले पनि हुबहु लेखाई सीप विकासमा नै जोड दिएको पाइन्छ । यसका लागि हरेक पाठहरूका अन्तिममा अभ्यास खण्ड र तिनमा वाक्यमा प्रयोग गर्नुहोस्, उत्तर दिनुहा्स् व्याख्या गर्नुहोस्, सार लेख्नुहोस् जस्ता अभ्यासहरू राखिएका छन् भने सृजनात्मक अभ्यासको सिर्जना गरी विद्यार्थीहरूको लेखन सीप विकास गर्नका लागि कविता लेख्नुहोस्, कथा लेख्नुहोस्, निबन्ध लेख्नुहोस्, मनोवाद लेख्नुहोस्, वादविवाद लेख्नुहोस्, जीवनी लेख्नुहोस्, चिठी लेख्नुहोस्, सारांश लेख्नुहोस्, अनुच्छेद लेख्नुहोस् टिप्पणी लेख्नुहोस् आदि समावेश गरिएको छ । व्याकरणका आधारभूत नियम बुझी तिनको उपयुक्त प्रयोग गर्न, विराम चिन्हहरूको उपयुक्त ढङ्गले प्रयोग गर्न, हिज्जे मिलाई उपयुक्त वाक्यगठन गरी लेख्न भाषात□व खण्डमा जोड दिई प्रशस्त अभ्यासहरू राखिएका छन् । जसले लिखित अभिव्यक्ति मिठासपन र निखारता ल्याई स्तरअनुरूप लेखन सीपको विकास गर्ने देखिन्छ ।

भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ एक अर्कासँग अन्तरसम्बन्धित हुन्छ । एक विना अर्को सीपको हासिल गर्न सकिँदैन र विकास पनि

हुँदैन । त्यसर्थ शिक्षण सिकाइ गर्दा यी सबै सीपहरूको क्रमशः हासिल गर्ने गरी शिक्षण गरिनुपर्दछ कुनै विधाले कुनै सीपविशेषमा जोड दिने भएतापनि पाठ शिक्षण गर्दा हरेक विधामा सबै खाले सीपको अभ्यास गराउनु पर्दछ । वर्तमान पाठ्यक्रमले माध्यमिक तह भनेर कक्षा ९ र १० लाई समेटेको हुनाले कक्षा ९ को पाठ्यक्रम र पाठ्यपुस्तक यस अध्ययनको क्षेत्रभित्र नरहेकाले गर्दा पनि सबै उद्देश्य र सीप हासिल गर्न कक्षा १० मात्र पूर्ण नहुन पनि सक्ने निश्चित प्रायः रहन्छ । जसमा विभिन्न विधाअन्तर्गतका उपविधा वा पाठहरू र तिनको सबै क्षेत्रहरू यसमा मात्र नसमेटिनु स्वभाविक नै हो तर माध्यमिक शिक्षा पाठ्यक्रम (अनिवार्य नेपाली) निर्दिष्ट गरेका व्यावहारिक सीप हासिल गर्न तथा उद्देश्यहरू परिपूर्ति गर्नका लागि कक्षा १० को पाठ्यपुस्तक धेरै हदसम्म व्यावहरिक सीपमूलक, परिष्कृत र परिमार्जित भई आएको देखिन्छ । किनकि अघिल्लो पाठ्यक्रमको तुलनामा यस पाठ्यक्रममा सुनाइ र बोलाइ सीपको विकास गर्ने खालका विधा पाठ र नमुना अभ्यासको चयन धेरै गरिएको छ भने विद्यार्थीहरूको संज्ञानात्मक विकास गर्ने खालका पाठहरू पनि उत्तिकै राम्रा देखिन्छन् ।

### ४.३.२ विधाको क्षेत्र र क्रम तथा पाठहरू

माध्यमिक तहमा नेपाली भाषा शिक्षणलाई प्रभावकारी तथा व्यावहरिक बनाउने मूल उद्देश्य लिई भाषिक सीप शिक्षण गर्न पाठ्यक्रमले जम्मा ८ ओटा विधाहरू तोकेको छ । तिनीहरूको क्रम तथा क्षेत्रसमेत निर्धारण गरेको छ, जुन निम्नानुसार छ -

## तालिका नं. ६

## विधा क्षेत्र, क्रम र पाठहरू

| क्र.सं. | विधा | क्षेत्र |
|---|---|---|
| १. | निबन्ध | निबन्ध<br>- सामाजिक - साँस्कृतिक तथा ऐतिहासिक<br>- प्राकृतिक तथा वातारणीय - वैज्ञानिक तथा प्राविधिक<br>-कलाकौशल तथा सौन्दर्य - व्यावसायिक |
| २. | कथा | कथा<br>- लोककथा - पौराणिक कथा<br>- ऐतिहासिक कथा - आधुनिक कथा |
| ३. | जीवनी | जीवनी (राष्ट्रिय)<br>- राजनीतिक - साहित्य खुला<br>- सांस्कृतिक/ऐतिहसिक - विचारक<br>(अन्तर्राष्ट्रिय)<br>- राजनीतिक - विचारक<br>- आविष्कार - कलासम्बन्धी |
| ४. | चिठी | चिठी<br>- घरायसी - विद्यालयीय<br>- कार्यालयीय/व्यापारिक - निवेदन |
| ५. | रूपक | रूपक<br>- संवाद - वादविवाद<br>- मनोवाद - वक्तृता<br>- एकाङ्की |
| ६. | दैनिकी | दैनिकी |
| ७. | कविता | कविता<br>- नीतिप्रधान - प्रकृतिप्रधान<br>- इतिहासप्रधान - संस्कृतिप्रधान<br>- समाजप्रधान |

| | | |
|---|---|---|
| ८. | भाषातत्त्व<br>(व्याकरण) | भाषातत्त्व<br>(क) पदसङ्गति<br>- वचन - लिङ्ग<br>- पुरुष - आदर |
| | | (ख) काल र पक्ष<br>- सामान्य वर्तमान - पूर्ण वर्तमान<br>- अपूर्ण वर्तमान - सामान्य भूत<br>- पूर्ण भूत - अपूर्ण भूत<br>- अभ्यस्त भूत - अज्ञात भूत<br>- सामान्य भविष्यत् - पूर्ण भविष्यत्<br>- अपूर्ण भविष्यत् |
| | | (ग) भाव<br>- सामान्य (प्रश्नार्थ) - आज्ञार्थ<br>- इच्छार्थ - सम्भावनार्थ<br>- सङ्केतार्थ |
| | | (घ) वाक्य<br>- कर्तृवाच्य - कर्मवाच्य<br>- भाववाच्य - वाच्य परिवर्तन |
| | | (ङ) धातु<br>- सामान्य धातु - प्रेरणार्थक धातु<br>- नामधातु - धातुरूपावली |
| | | (च) कारक र विभक्ति<br>- विभक्तिहरू<br>(साल र तिर्यक रूपसमेत)<br>(कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण) |

| | | |
|---|---|---|
| | | (छ) शब्दवर्ग<br>- नाम (भेदसहित) - सर्वनाम (भेदसहित)<br>- विशेषण (भेदसहित)<br>- क्रियापद (सकर्मक र अकर्मक, सरल संयुक्त)<br>- अव्यय (क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात) |
| | | (ज) वाक्यसंश्लषण र विश्लेषण<br>- सरल वाक्य - संयुक्तवाक्य<br>- मिश्र वाक्य |
| | | (झ) चिन्हरू<br>- पूर्णविराम - योजक<br>- अल्पविराम - उद्गार<br>- अर्धविराम - उद्धरण<br>- निर्देश |
| | | (ञ) शब्दनिर्माण प्रक्रिया<br>- उपसर्ग व्युत्पन्न शब्दहरू - कृदन्त व्युत्पन्न शब्द<br>- तद्धितान्त व्युत्पन्न शब्दहरू - समस्त व्युत्पन्न शब्द |
| | | (ट) हिज्जे (वर्णविन्यास) |
| ९. | शब्दभण्डार तथा उखान र टुक्का | पाठमा प्रयुक्त र पाठबाहिरका संस्कृत र विभिन्न स्रोतका शब्दहरू<br>- पयार्यवाची शब्द - विपरीतार्थ शब्द<br>- अनुकरणात्मक शब्द - श्रुतिसमभिन्नार्थक शब्द<br>- अनेकार्थक शब्द - लघुवाचक शब्द<br>- सिङ्गो शब्द - पारिभाषिक शब्द<br>- सङ्क्षिप्त शब्द - टुक्का र उखान |

नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको क्षेत्र, क्रम र पाठहरूको निम्नानुसार राखिएको छ -

**तालिका नं. ७**

**विधाको क्षेत्र, क्रम र पाठसङ्ख्या**

| क्र. सं. | विधा | क्षेत्र | उपविधा | सङ्ख्या |
|---|---|---|---|---|
| १. | कविता | नीतिप्रधान, इतिहासप्रधान | | २ |
| २. | कथा | पौराणिक, आधुनिक मनोवैज्ञानिक | | ३ |
| ३. | जीवनी | राष्ट्रिय : ऐतिहासिक साँस्कृतिक अर्न्तराष्ट्रिय : आविष्कारक, राजनीतिज्ञ | | २ २ ＞ ४ |
| ४. | रूपक | मनोवाद, वादविवाद | काम खोज्दै जाँदा, भाग्यभन्दा परिश्रम ठूलो | २ |
| ५. | निबन्ध/ प्रबन्ध | वस्तुपरक, भावपरक | यन्त्रमानव, मिथिला चित्रकला, जयभोलि | ३ |
| ६. | चिठी | व्यापारिक चिठी | व्यापारिक चिठी | १ |
| ७. | भाषात[illegible]व | पदवर्ग, कारक र विभक्ति, काल र पक्ष धातु, वर्णविन्यास | जम्मा | १५ |
| ८. | शब्दभण्डार | सिङ्गोशब्द, एकल शब्द, उखान र टुक्का सङ्क्षिप्त शब्द, लघुवाचक शब्द | | |

*(नोट : बाँकी नौ कक्षाको पाठ्यपुस्तकमा समावेश गरिएको देखिन्छ ।)*

## ४.४ सारांश

पाठ्यक्रमअनुरूपताका आधारमा महेन्द्रमाला र नेपाली पाठ्यपुस्तकको अध्ययनमा पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र, विधा, क्रम, उद्देश्यअनुसार भए नभएको अध्ययन गरिन्छ । यी दुवै पाठ्यपुस्तकहरू पाठ्यक्रमले तोकेअनुसार क्रम, क्षेत्र र विधाअनुसार नभएको पाइन्छ साथै माध्यमिक शिक्षा (अनिवार्य नेपाली) पाठ्यक्रम २०२८ ले भाषाका चारै सीपलाई विकास गर्ने किसिमका लक्ष्य अनुसार पाठ्यपुस्तकमा

पाठहरू राखिएको छ तर पाठ्यपुस्तकका अन्त्यमा दिइएका नमुना अभ्यासले ती सबै सीपलाई विकास पुऱ्याउने खालको नभई लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ । माध्यमिक शिक्षा (अनिवार्य नेपाली) पाठ्यक्रम २०५५ ले निर्दिष्ट गरेका पाठअनुसारका नमुना अभ्यासहरू वर्तमान पाठ्यपुस्तकमा रहेका छन् । यी नमुना अभ्यासले भाषाका चारै सीप विकासलाई महत्व दिइएको पाइए पनि पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरूको आधिक्यता देखिन्छ । यद्यपि भाषातत्वको समावेश हुने गरी नमुना अभ्यास भने दिइएको देखिन्छ ।

# अध्याय-पाँच

## कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली पाठ्यपुस्तक (२०६०) को तुलनात्मक अध्ययन

### ५.१ यी दुवै भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा तुलनात्मक अध्ययन

भाषा पाठ्यपुस्तक लेखनका आ-आफ्ना सीमा र मान्यताहरू हुन्छन् । ती सीमाभित्र रहँदारहँदै पनि तिनीहरू बीच केही समानता र असमानता रहन्छन् । महेन्द्रमाला र नेपाली बीचमा पाइने समानता र असमानतालाई निम्नलिखित बुँदाका आधारमा तुलना गरिन्छ-

#### ५.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु नै त्यसको केन्द्रीय भाग हो । विद्यार्थीको शिक्षण-सिकाइ कार्यकलापमा सहभागी भएर हासिल गर्ने ज्ञान तथा सीपको स्रोत भनेकै विषयवस्तु हो । यसकारण भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु विभिन्न किसिमका स्रोतबाट लिइएका हुनुपर्दछ । यस किसिमका फरक-फरक स्रोतबाट लिइ पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु विद्यार्थीको रुचि, स्तर र क्षमताअनुकूलका हुनुपर्दछ । उनीहरूका अनुभवभित्रका हुनुपर्दछ । साथै विद्यार्थीको पूर्वज्ञान भाषिक आवश्यकतालाई ख्याल गरी सीपमूलक अभ्यासमा टेवा पुऱ्याउन सक्ने किसिमका हुनुपर्दछ । यस किसिमका विषयवस्तु, नैतिक मूल्य र मान्यता जगाउने; चरित्र निर्माणमा सहयोगी र श्रमप्रति आस्था जगाउने; सिर्जनशील भावना जगाउन उत्प्रेरित गर्ने; भौगोलिक र साँस्कृतिक विविधतालाई समेट्ने, देशप्रेम जगाउने लैङ्गिक समानतालाई बढावा दिने हुनुपर्दछ ।

कक्षा १० को महेन्द्रमालामा राखिएका विषयवस्तु सामाजिक पौराणिक, ऐतिहासिक, वर्णनात्मक, नैतिक, साँस्कृतिक देशप्रेम, श्रममूलक र लोकजीवनी, अन्तर्राष्ट्रिय जीवनीसँग सम्बन्धित क्षेत्रको प्रतिनिधि□व गर्ने किसिमका देखिन्छन् । यी विषयवस्तुले मूलतः उपदेश सहयोग, मेलमिलाप, कर्तव्य, वातावरण, राष्ट्रिय र अन्तर्राष्ट्रिय ऐतिहासिक मह□वजस्ता पक्षहरूमा जोड दिएको पाइन्छ । यस किसिमका

विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तरअनुकूल भएको देखिन्छ । साथै पाठ्यक्रमको सिद्धान्तलाई सामान्य पालना गरेको पाइन्छ ।

कक्षा १० को नेपालीमा राखिएका विषयवस्तुले सामान्यतः पौराणिक, आधुनिक, नैतिक, ऐतिहासिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय आदि विषयसँग सम्बन्धित क्षेत्रको प्रतिनिधि□व गर्ने किसिमका देखिन्छन् । यस किसिमका विषयवस्तुबाट पौराणिक ऐतिहासिक विषयवस्तुको ज्ञान राष्ट्रिय अन्तर्राष्ट्रिय विचारक र आविष्कारको प्रेरणा र नैतिक चरित्रवान् जस्ता पक्षमा जोड दिइएको पाइन्छ ।

यी दुवै पाठ्यपुस्तकमा राखिएका विषयवस्तु तलको तालिकामा देखाउन सकिन्छ-

**तालिका नं. ८**

**महेन्द्रमाला र नेपालीका विषयवस्तु**

| क्र.सं. | पाठ्यपुस्तक | कविता | कथा | निबन्ध/ प्रबन्ध | रूपक | जीवनी | चिठी | दैनिकी |
|---|---|---|---|---|---|---|---|---|
| १. | महेन्द्रमाला | सामाजिक, नैतिक, वर्णनात्मक र साँस्कृतिक | ऐतिहासिक, लोक, पौराणिक र आधुनिक | वस्तुपरक र भावपरक | विवाद, सम्वाद, मनोवाद र एकाङ्की | राष्ट्रिय र अन्तर्राष्ट्रिय | कार्यालय, घरायसी र व्यापारी | कार्यालय र घरायसी |
| २. | नेपाली | नीतिप्रधान र ऐतिहासिक | पौराणिक, आधुनिक र मनोवैज्ञानिक | वस्तुपरक र भावपरक | मनोवाद र वादविवाद | राष्ट्रिय र अन्तर्राष्ट्रिय | व्यापारी | × |

## ५.१.२ प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त विधा तथा प्रस्तुति

भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरूका आ-आफ्नै प्रयोजन हुन्छन् । यसअनुसार कुनै एउटा विधामा राख्न सकिने विषयवस्तु अर्को विधामा राख्न खोज्नु मुर्ख्याइ हुन्छ । कविता विधाले लिने विषयवस्तु र निबन्ध विधाले लिने विषयवस्तु फरक-फरक हुन्छ । यस आधारमा एउटा विधाले समेट्ने विषयवस्तु अर्को विधाले समेट्दैन । भाषिक सीप विकासका दृष्टिले पनि विधागत विविधतामा ध्यान पुऱ्याउनु पर्ने आवश्यकता हुन्छ । विधागत पाठहरूको लम्बाइ वाक्य गठन सरल जटिल क्रम

शीर्षक जस्ता पक्षहरू प्रस्तुतिका मह□वपूर्ण पक्ष मानिन्छन् । यस आधारमा प्रस्तुत पाठ्यपुस्तकहरूलाई हेर्दा निम्न अवस्था देखिन्छ -

कक्षा १० को महेन्द्रमालामा कथा, निबन्ध, जीवनी, चिठी, रूपक, दैनिकी र पद्य (कविता) गरी जम्मा ४२ वटा पाठहरू राखिएका छन् । नेपालीमा कविता, कथा, निबन्ध, जीवनी, रूपक र चिठी गरी जम्मा १५ वटा पाठहरू राखिएका छन् । यसरी हेर्दा महेन्द्रमाला र नेपाली किताबमा राखिएका पाठहरू पाठ्यक्रमद्वारा निर्दिष्ट विधाअन्तर्गत कै छन्, तापनि महेन्द्रमालामा पाठ्यक्रमले निर्दिष्ट नगरिएको विधा दैनिकीलाई पाठमा राखेको छ । त्यसैगरी नेपाली पाठ्यक्रमले निर्दिष्ट विधा दैनिकीलाई कक्षा १० को नेपाली पाठ्यपुस्तकमा राखिएको छैन । महेन्द्रमाला र नेपालीका अन्य विधाहरू पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार नै राखेको पाइन्छ । माध्यमिक शिक्षा (अनिवार्य नेपाली) पाठ्यक्रम २०२८ ले निर्दिष्ट विधा र तिनको सङ्ख्या महेन्द्रमाला २०३० र माध्यमिक शिक्षा (अनिवार्य नेपाली) पाठ्यक्रम २०५५ ले निर्दिष्ट विधा र तिनको सङ्ख्या नेपाली (२०६०) मा छन् तिनलाई तलको तालिकामा देखाउन सकिन्छ-

**तालिका नं. ९**

**पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्षेत्र र क्रम**

| | महेन्द्रमाला (२०३०) | | नेपाली (२०६०) | |
|---|---|---|---|---|
| विधा | २०२८ ले निर्दिष्ट विधा सङ्ख्या | पाठ्यपुस्तकमा समाविष्ट र विधा सङ्ख्या | २०५५ ले निर्दिष्ट विधा सङ्ख्या | समाविष्ट विधा सङ्ख्या |
| १. कविता | ८ | ७ | | २ |
| २. कथा | ८ | ९ | | ३ |
| ३. निबन्ध/प्रबन्ध | ६ | ६ | | ३ |
| ४. रूपक | ८ | ८ | | २ |
| ५. जीवनी | ७ | ७ | | ४ |
| ६. चिठी | | | | |
| (क) चिठी | ३ | ३ | | १ |
| (ख) दैनिकी | २ | २ | | |

२०२८ को पाठ्यक्रमले ले ८ वटा कविता निर्दिष्ट गरेका छ तर महेन्द्रमालामा भने जमम ७ वटा कविता समावेश गरिएका छन् । त्यसैगरी कथा विधामा पनि ८ वटा कथाहरू निर्दिष्ट गरेको छ तर ९ ओटा कथा समाविष्ट छन् । अरू विधाहरू त पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम नै पाइन्छन् । २०५५ को पाठ्यक्रमले ले विधाहरूको सङ्ख्या तोकेर निर्दिष्ट गरेको छैन । विधाहरू मात्र निर्दिष्ट गरेको छ । २०५५ को पाठ्यक्रम माध्यमिक तहको (कक्षा ९र १०) को लागि भएकाले पनि विधा सङ्ख्या नतोकेको हुनसक्छ । तर २०२८ को ले महेन्द्रमालाको लागि मात्र विधा र सङ्ख्या तोकेको हो ।

विधागत पाठहरूको रखाइक्रमलाई हेर्दा महेन्द्रमाला (२०३०), नेपाली (२०६०) पहिलो पाठमा कविता दोस्रोमा कथा राखिएको छ भने तेस्रो पाठ दुवै पाठ्यपुस्तकमा एउटै विधा राखिएको पाइँदैन । यस आधारमा पनि विधागत वितरणमा समानता देखिँदैन । महेन्द्रमालामा पाठ २३ र २४ मा कथा राखिएको छ । यसमा ४२ वटा पाठहरू राखिएका छन् भने नेपालीमा जम्मा १५ वटा पाठहरू राखिएका छन् । नेपालीले प्रस्तुतिका दृष्टिले सरलबाट जटिलतिर जानु पर्ने शिक्षाशास्त्रीय नियमलाई अवलम्बन गरेको छ भने महेन्द्रमालाले यो नियमलाई अवलम्बन गरेको पाइदैन । पाठहरू पनि कुनै अति छोटा र कुनै अति लामा राखिएका छन् । चिठी जस्तो विधामा २१ अनच्छेदसम्म लेखेका पाइन्छ । यो पुस्तक त्यति बेलाको समयानुकुल देखिन्छ भने नेपाली नेपाल सरकारको पा.वि.के.द्वारा तयार पारिएको अधिराज्यका सम्पूर्ण (निजी तथा सरकारी) विद्यालयमा पठनपाठन हुने पुस्तक भएकोले सरलतामा सचेत हुनु आवश्यक देखिन्छ ।

### ५.१.३ भाषिक संरचना

भाषिक संरचना भन्नाले वाक्य, अनुच्छेद गठन र पाठ संरचना आदिलाई बुझाउँछ । यस शोधमा सबैभन्दा लामो र छोटो पाठ, पाठमा प्रयुक्त शब्द, वाक्य, अनुच्छेद सङ्ख्या आदि के कस्ता रहेका छन् भनी तुलना गरिएको छ ।

यी दुवै पाठ्यपुस्तकमा वाक्य अनुच्छेद र पाठमा कतिदेखि कतिसम्म शब्द, वाक्य र अनुच्छेद छन् भनी तुलना गर्न तलको ताालिकाको प्रयोग गरिएको छ -

**तालिका नं. १०**

**पाठ्यपुस्तकमा प्रयुक्त वाक्य र अनुच्छेदको वितरण**

| पाठ्यपुस्तक | वाक्य | अनुच्छेद | | पाठ (सानो देखि ठूलो) | | |
|---|---|---|---|---|---|---|
| | शब्द | शब्द | वाक्य | शब्द | वाक्य | अनुच्छेद |
| महेन्द्रमाला | १-५६ | १-३३३ | १-३९ | ५३६-२८१३ | ४५-२७१ | ७-४५ |
| नेपाली | १-३७ | १-४२६ | १-३० | ६८२-१७५१ | ३२-१५० | ५-११ |

यी दुवै पाठ्यपुस्तकलाई हेर्दा महेन्द्रमालामा १-५६ शब्दले बनेका वाक्य; १-३३३ शब्द र १-३९ वाक्यले वनेका अनुच्छेद; ५३६-२८१३ शब्द, ४५-२७१ वाक्य, ७-४५ अनुच्छेदले बनेका पाठ छन् भने नेपालीमा १-३७ शब्दले बनेको वाक्य; १-४२६ शब्द र १-३० वाक्यले बनेको अनुच्छेद र ६८२-१७५१ शब्द, ३२-१५० वाक्य र ५-११ अनुच्छेदले बनेका पाठहरू छन् । यी दुवै पाठ्यपुस्तकको तुलना गर्दा महेन्द्रमालामा प्रयोग भएका शब्द, वाक्य र अनुच्छेद धेरै देखिन्छन् भने नेपालीमा केही कम देखिन्छन् । महेन्द्रमालामा धेरै संयुक्त र मिश्र वाक्य प्रयोग भएको पाइन्छ भने नेपालीमा धेरै सरल वाक्य प्रयोग भएको पाइन्छ ।

महेन्द्रमाला- लामो वाक्य : "**ती झ्यालका ऐनभित्र सल्बलाउने छायाचित्रतिर मेरो ध्यान विशेषरूपले किन आकर्षित हुन गयो, यसको खास कारणको त मलाई बोध हुन सकेको थिएन, तर पनि त्यस ध्यानचित्रद्वारा प्रदर्शित हुने एउटा नाटकीय दृश्य र खास गरेर त्यस दृश्यमा अभिनेत्रीको ठाउमा देखिने एउटी पाँच सात वर्षकी केटीको छाया नै यसको मूल कारण थियो कि भन्ने मैले अनुमान गरेको छु ।**"

महेन्द्रमाला- छोटो वाक्य : '**पासपोर्ट**'

नेपाली- लामो वाक्य : "**रङ्गभेदी श्वेत सरकारले अश्वेतहरूलाई चिढ्याएर आफ्नो सरकार लामो समयसम्म टिक्न नसक्ने महशुस गरी सरकारलाई टिकाउने उद्देश्यले भए**

**पनि कालाहरूमाथि गरिएको दमनलाई कम गरी उनीहरूलाई केही सुविधाहरू पनि दिन थाल्यो, तर मन्डेलाको रिहाइको माग भने चारैतिरबाट आउन रोकिएन ।"**

नेपाली- छोटो वाक्य : '**जर्मनहरूले**'

### ५.१.४ नमुना अभ्यास

भाषिक सीपको विकास गर्न र पाठ्यक्रमको उद्देश्य पूरा गर्नका लागि प्रत्येक पाठका अन्त्यमा नमुना अभ्यास दिइएको हुन्छ । पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासले विद्यार्थीले त्यस पाठबाट के-कस्ता सीपहरू हासिल गरे भन्ने कुरा पत्ता लगाउन सहयोग गर्छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूले शिक्षकलाई सीपसम्बन्धी अभ्यास गराउन सहयोग गर्न सक्नुपर्छ । ती नमुना अभ्यासहरू विधागत पाठअनुरूप प्रभावकारी हुनु आवश्यक मानिन्छ । त्यसै आधारमा दुवै पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूका स्थिति तुलना गर्ने प्रयास गरिएको छ-

जुनसुकै पाठ्यपुस्तकमा भएका नमुनाअभ्यासले भाषाका चारै सीप विकासमा सहयोग पुऱ्याउने खालका हुन्छन् । नेपाली (२०६०) मा चारै सीपको विकासमा सहयोग पुऱ्याउने खालका छन् भने महेन्द्रमाला (२०३०) मा अभ्यासहरूले लेखाइ सीपलाई सहयोग पुऱ्याउने खालका छन् । महेन्द्रमाला (२०३०) मा शब्दार्थ २५ (अ.), छोटो प्रश्न ११८ (प्र.), लामो प्रश्न १३८ (प्र.), आशय वा भाव प्रस्ट्याउने ५२ (प्र.), व्याख्या ६ (प्र.), वाक्यमा प्रयोग ७ (अ.), शुद्ध गरी लेख्ने २ (अ.), खाली ठाउँ भर्ने १ (अ.), जोडा मिलाउने १ (अ.), भाषात□व ५१ (अ.) र शब्दभण्डार र अभ्यासहरू राखिएका छन् । त्यस्तै गरी नेपाली (२०६०) मा मौखिक प्रश्न १० (अ.), अति सङ्क्षिप्त प्रश्न ८ (अ.), सङ्क्षिप्त प्रश्न ११ (अ.), विवेचनात्मक प्रश्न ११ (प्र.), सप्रसङ्ग व्याख्या १० (अ.), व्याख्या ६ (अ.), वाक्यमा प्रयोग १५ (अ.), सस्वर वाचन ७ (अ.), उच्चारण १२ (अ.), शब्दार्थ ११ (अ.), सिर्जनात्मक १२ (अ.), स्वतन्त्र रचना (पाठसँग सम्बन्धित) ६ (अ.), शुद्ध लेख्ने २ (अ.), बुँदा टिपोट ३ (अ.), श्रुतिलखन १ (अ.), भाषात□व १७ (अ.) र शब्दभण्डारमा ६ अभ्यासहरू राखिएका छन् । महेन्द्रमाला (२०३०) मा अभ्यास

नछुट्टिएकालाई प्र. सङ्ख्या राखिएको छ । नेपाली (२०६०) मा सबै अभ्यासहरू नै दिइएको छ । महेन्द्रमालामा बुँदा टिपोट, श्रुतिलेखन, सस्वर वाचन, उच्चारण, सप्रसङ्ग व्याख्या, सिर्जनात्मक अभ्यास र मौखिक प्रश्न जस्ता अभ्यासहरू नुहँदा सुनाइ, बोलाइ र पढाइ सीपको विकास नहुने देखिन्छ । नेपालीमा खाली ठाउँ भर, जोडा मिलाउ जस्ता अभ्यासहरू देखिँदैन ।

## ५.२ सारांश

यी दुवै भाषा पाठ्यपुस्तकका समानता पाइँदैन । विषयवस्तु र विधागत प्रस्तुतिमा पनि फरक छ । महेन्द्रमालाको लागि पाठ्यक्रम २०२८ ले विधा सङ्ख्या निर्दिष्ट गरेको छ भने नेपाली पाठ्यक्रम २०५५ ले विधा सङ्ख्या निर्दिष्ट गरेको पाइँदैन । भाषिक संरचना महेन्द्रमालामा १-५६ शब्दसम्मको वाक्य, १-३३३ शब्द अनुच्छेद १-३९ वाक्य सम्मको अनुच्छेद र ५२६-२८१३ शब्द, ४५-२७१ वाक्य, ७-४५ अनुच्छेदसम्मका पाठहरू छन्, नेपालीमा १-३७ सम्म वाक्य, १-४२ शब्दसम्म र १-३० वाक्यसम्मका अनुच्छेद र ६८२-१७५१ शब्द, ३२-१५० वाक्य र ५-११ अनुच्छेदसम्मका पाठ छन् । नमुना अभ्यासमा पनि समानता छैन । महेन्द्रमालामा सुनाइ, बोलाइ, पढाइ सीपलाई त्यति मह□व नदिई लेखाइ सीपलाई जोड दिने खालका नमुना अभ्यास पाइन्छ । नेपालीमा चारै सीपलाई समान मह□व दिइएका नमुना अभ्यास पाइन्छन् । एकै प्रकृति नमुना अभ्यास छैनन् ।

## अध्याय-छ

# निष्कर्ष र सुझाव

### ६.१ निष्कर्ष

महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) को अध्ययनबाट निम्नलिखित निष्कर्षहरू प्राप्त हुन आएका छन्-

१. महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) मा पाठगत आधारमासमानता छैन । महेन्द्रमालामा ४२ र नेपाली १५ ओटा पाठ समावेश भएका छन् ।

२. पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइन्छ । पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने गरी भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र पाठको चयन गरिन्छ तर यी दुवै पाठ्यपुस्तक पाठ्यक्रम अनुरूपताका आधारमा चयन गरिएको पाइँदैन ।

३. महेन्द्रमालामा कथा र कविता विधामा ८ ओटा पाठहरू पाठ तोके तापनि कथा ९ र कविता ७ वटा मात्र पाठ्यपुस्तकमा समावेश छन् र कक्षा १० को नेपालीका लागि पाठ्यक्रमले कुन विधामा कति भनी सङ्ख्या तोकेको छैन ।

४. माध्यमिक तहको वाक्य संरचना १०-१२ शब्दले बनेको हुनुपर्छ भने तापनि महेन्द्रमाला १-५६ शब्दले र नेपाली १-३७ शब्दका वाक्य छन् ।

५. पाठ्यक्रमले भाषाका चारै सीपको विकासका लागि उद्देश्यहरू चयन गरेको छ पाठ्यक्रम अनुरूप पाठहरू पाठअनुरूप नमुना अभ्यास हुनुपर्ने हो, हुन सकेको देखिँदैन ।

६. महेन्द्रमाला (२०३०) ले भाषाका चार सीपमध्ये लेखाइ सीपलाई मात्र बढी जोड दिएको छ भने नेपाली (२०६०) ले चारै सीपको विकास गर्ने किसिमको पाइन्छ ।

७. दुवै पाठ्यपुस्तकमा भाषात□वलाई पाठका रूपमा नराखी अभ्यासको रूपमा मात्र राखेको पाइन्छ ।

८. भाषात□वका अभ्यास महेन्द्रमालामा एकै ठाउँमा उपसर्ग, पुलिङ्ग, स्त्रीलिङ्ग, पूर्णवर्तमान र भूतकालसम्बन्धी अभ्यास दिएको पाइन्छ । तर नेपाली त्यस्तो नभई स्पष्ट लेखेको पाइन्छ ।

९. तुलनात्मक रूपमा नेपाली (२०६०) पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारण गरेको क्षेत्रभन्दा बाहिर गएको पाइँदैन र यसमा अपेक्षाकृत रूपमा पाठ्यसामग्रीलाई सन्तुलित ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ ।

१०. दुवै पाठ्यपुस्तकमा पाठहरूको रखाइ क्रम अर्थात् सरलबाट जटिलतातिर जाने शिक्षाशास्त्रीय पद्धतिलाई अगाल्न सकेको देखिँदैन ।

११. विधावितरण र पाठको लम्बाइका दृष्टिले हेर्दा एकरूपता पाइँदैन । दुवै पाठ्यपुस्तकमा यस किसिमको प्रवृत्ति देखिन्छ ।

१२. महेन्द्रमालामा भन्दा नेपालीमा धेरै शब्दार्थ दिइएको छ ।

१३. दुवै पाठ्यपुस्तकमा आवरण पृष्ठ लेमिनेसन नगरिएको हुँदा पाठ्यपुस्तक हेर्दा स्तरहीन देखिन्छ ।

१४. आकार र लम्बाइ चौडाइका दृष्टिले हेर्दा नेपाली ठूलो छ भने मोटाइका दृष्टिले महेन्द्रमाला ठूलो देखिन्छ ।

१५. महेन्द्रमालामा भएका अभ्यासहरूले विद्यार्थीको बोध पक्षको विकास गर्न कम मह□व दिइएको र नेपालीमा तुलनात्मक रूपमा बढी देखिन्छ ।

१६. नेपालीमा विशेष ज्ञानका लागि थप सामग्री दिइएको छ, महेन्द्रमालामा दिइएको छैन ।

१७. नेपाली पाठ्यपुस्तकमा विभिन्न प्रकारका अभ्यासहरूको प्रयोग प्रायः सबै पाठमा अन्त्यमा गरिएको छ भने महेन्द्रमालामा त्यस्ता अभ्यासको समान वितरण पाइँदैन ।

१८. लेखाइसीपको विकास गर्ने सिर्जनात्मक अभ्यास महेन्द्रमालामा सिर्जनात्मक पाठसँग सम्बन्धित छन् भने नेपालीमा स्वतन्त्र किसिमका सिर्जनात्मक अभ्यासहरू राखिएका छन् ।

## ६.२ सुझावहरू

महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) पाठ्यपुस्तकका अध्ययन पश्चात् निम्नलिखित सुझाव दिन सकिन्छ-

१. विषयवस्तुका संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक बनाउनुको लागि समयानुकूलको विषयवस्तुमा जोड दिनु पर्ने आवश्यकता देखिन्छ ।

२. पाठ्यक्रममा भएका पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्रा घटाइ स्तर अनुकूलको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु पर्ने र आउने पिँढीका लागि लोकतान्त्रिक जीवनशैलीको विकास गर्ने किसिमका पाठ्यपुस्तक निर्माण गर्नु वाञ्छनीय देखिन्छ ।

३. पाठ्यपुस्तक निर्माण गर्दा शिक्षाशास्त्रीय नियमलाई अगाँल्नु पर्ने देखिन्छ ।

४. माध्यमिक तहसम्मका पाठ्यपुस्तकमा व्याकरणका सैद्धान्तिक ज्ञानमा जोड नदिई भाषा पाठ्यपुस्तककै अभ्यासबाट धारणात्मक सुझको विकास हुने प्रकृतिका अभ्यास राखी पाठ्यपुस्तक तयार पार्नु राम्रो हुन्छ ।

५. स्तरअनुकूलको वाक्य गठन दुवै पाठ्यपुस्तक हुनु आवश्यक देखिन्छ ।

६. माध्यमिक तहको पाठ्यक्रमले कक्षा ९र १० का लागि विधा र विधासङ्ख्या तोक्नु पर्ने देखिन्छ ।

७. दुवै पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुरूपता बनाउन अझ बढी नयाँ शब्द र भाषिक सीपलाई जोड दिने अभ्यासहरू राख्नुपर्ने देखिन्छ ।

८. कक्षा १० महेन्द्रमालाका पाठहरू धेरै र नेपालीमा थोरै भएकाले कक्षा १० का लागि १८-२० सम्म पाठहरू राखिनु पर्ने देखिन्छ ।

९. पाठ्यपुस्तकहरूको आवरण पृष्ठमा थप आकर्षक बनाउनु पर्ने देखिन्छ साथै आवरण पृष्ठलाई लेमिनेसन गरी बलियो बनाउनु पर्ने देखिन्छ । भित्री कागज पनि स्तरीय बनाउनु पर्ने देखिन्छ ।

## ६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

अनुसन्धान कार्य निरन्तर चलिरहने हुनाले अनुसन्धानकर्ताले भावी अनुसन्धानका लागि निम्नलिखित शीर्षक हुनसक्ने अनुमान गरेको छ-

१. कक्षा १० को महेन्द्रमाला (२०३०) र महेन्द्रमाला (२०५३) को तुलनात्मक अध्ययन ।

२. महेन्द्रमाला २०३० र नेपाली (२०६४)को तुलनात्मक अध्ययन ।

३. कक्षा ८ को नेपाली र निजी विद्यालयमा राखिएको भाषासागरको तुलनात्मक अध्ययन ।

४. कक्षा १० महेन्द्रमाला (२०३०) र नेपाली (२०६२)मा प्रयुक्त भाषात□वहरूको पाठ्यक्रमअनुरूपताको आधारमा अध्ययन ।

५. कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली (२०६०) का पाठ्यक्रमअनुरूपताका आधारमा नमुना अभ्यासको तुलनात्मक अध्ययन ।

६. कक्षा ९ र १० को महेन्द्रमाला (२०५३) र कक्षा १० को नेपाली (२०६०)को तुलनात्मक अध्ययन ।

## सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज (२०५७), **नेपाली भाषा शिक्षण**, काठमाडौं : कुञ्जल प्रकाशन ।

२. ___________ (२०५९), **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

३. अधिकारी, हेमाङ्गराज, केदारप्रसाद शर्मा (२०५४), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

४. आचार्य, शर्वराज (२०५८), **कक्षा १ र २ का सजिलो नेपाली माला र नयाँ नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन** (अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर)

५. खनाल, कमलराज (२०५९) **कक्षा ४ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** (अप्रकाशिहत एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर)

६. घिमिरे, प्रकाश (२०६०), **हाम्रो नेपाली किताब कक्षा आठ र सजिलो नेपाली माला कक्षा आठको तुलनात्मक अध्ययन** (अप्रकाशित : एम.एड. शोधपत्र), ताहाचल

७. ढुङ्गेल भोजराज, दुर्गाप्रसाद दाहाल (२०५८), **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स

८. नेपाली भाषा शिक्षा विभाग, **सम्प्रेषण** (वार्षिक पत्रिका) १:१

९. पाठ्यक्रम विकास केन्द्र, नेपाली (२०५५ को पाठ्यक्रमअनुसार २०५६ को परिमार्जित संस्करण २०६०)

१०. ________, पाठ्यक्रम गतिविधि चौमासिक बुलेटिन (२०६२) अंक २, वर्ष ८ ।

११. ________**,** महेन्द्रमाला (२०३०) कक्षा १०, भक्तपुर

१२. ________**, माध्यमिक तहको पाठ्यक्रम** (२०२८), भक्तपुर

१३. ________, **माध्यमिक तहको पाठ्यक्रम** (२०५५), भक्तपुर

१४. ________, माध्यमिक पाठ्यक्रम परिचयात्मक तालिम पुस्तिका (२०५६)

१५. पाण्डेय, शेषकान्त (२०६२), **कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रमअनुरूपताको अध्ययन** (अप्रकाशित : एम.एड. शोधपत्र) ।

१६. पोखरेल, बालकृष्ण सहित (२०५५), **नेपाली बृहत् शब्दकोश** काठमाडौं : ने.रा.प्र.प्र.

१७. बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं : रत्नपुस्तक भण्डार

१८. शर्मा, केदारप्रसाद, माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, न्यु हिराबुक्स इन्टरप्राइजेज, काठमाडौं

१९. शर्मा, गोपीनाथ, **नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू समीक्षा**, काठमाडौं : मकालु बुक्स एन्ड स्टेसनर्स

२०. शर्मा, मोहनराज (२०६०), **शब्दरचना र वर्णविन्यास**, काठमाडौं नवीन प्रकाशन

२१. Sharma Kedar, **A Critical Evaluaton of Primary Level Government Text Books of the Nepali Langauge**.

२२. ज्ञवाली, कमला (२०६२), **कक्षा तीनको मेरो नेपाली किताब, नयाँ नेपाली शृङ्खला र सजिलो नेपालीमालाको तुलनात्मक अध्ययन** (अप्रकाशित : एम.एड., शोधपत्र) ।